# महान्यायाधिवक्ताको कार्यालय, नेपाल
# सरकारवादी मुद्दा नचल्ने सम्वन्धी निर्णयहरुको अनुसन्धानमूलक अध्ययन

**प्रतिवेदन, २०७५**

**अध्ययन समूहः**

| | |
|---|---|
| नायव महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल, | अनुगमनकर्ता |
| सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, | संयोजक |
| उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी, | सदस्य |
| उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला, | सदस्य |
| प्रहरी नायव उपरीक्षक श्री डम्बर के.सी., | सदस्य |
| शाखा अधिकृत श्री कल्पना राई, | सदस्य |
| शाखा अधिकृत श्री घनश्याम घिमिरे, | सदस्य |
| शाखा अधिकृत श्री नगेन्द्र लम्साल, | सदस्य सचिव |
| नायव सुब्बा श्री सुरेन्द्र पाण्डे, | सहायक कर्मचारी |

Office of the Attorney General, Nepal

## विषय- सूची

पृ.

**भाग एक**

**अध्ययन सम्बन्धी परिचय**

१.१ पृष्ठभूमी १

१.२ कार्यदलको गठन र कार्यदिश ३

१.३ अध्ययनको उद्देश्य ४

१.४ समस्याको पहिचान ४

१.५ अध्ययनको सिमा ४

१.६ अध्ययन सम्बन्धी कृयाकलाप ४

१.७ अध्ययन प्रतिवेदनको स्वरुप ५

**भाग दुई**

**विषयवस्तुको अध्ययन**

२.१ सरकारवादी मुद्दा नचल्ने निर्णयहरुको सारसंक्षेप ६

**भाग तीन**

**विषयवस्तुको विश्लेषण**

३.१ मुद्दा नचल्ने निर्णयको सालवसाली हिसावले विषयगत तालिकीकरण र विश्लेदषण ११२

३.२ मुद्दा नचल्ने निर्णयको आधारको विश्लेवषण ११७

३.३ मुद्दा नचल्ने गरी भएका मुद्दामा प्रतिवादी संख्या र लैगिक अवस्था १२१

३.४ मुद्दा नचल्ने गरी भएका मुद्दाको भौगोलिक वितरणको विश्लेसषण १२३

३.५ मुद्दा नचल्ने गरी निर्णयको सन्दर्भमा गरिएको टिप्पणी वा निर्देशनको विश्लेषण १२६

**भाग चार**

**अध्ययनको निचोड तथा सुझाव**

४.१ अध्ययनको निचोड १२९

४.२ सुझावहरू १३१

**भाग पाँच**

**उपसंहार** १३२

Office of the Attorney General, Nepal

# भाग एक
# अध्ययन सम्बन्धी परिचय

## १.१ पृष्ठभूमी

नेपाल सरकार वैधानिक कानून, २००४ को धारा १२ मा प्रधान कानूनीसल्लाहकारहरूको नियुक्ति गर्ने व्यवस्थाबाट नेपालमा महान्यायाधिवक्ताको परिकल्पना गरेको पाईन्छ । उक्त धारालेप्रधान कानूनी सल्लाहकार नियुक्त हुने व्यवस्था गरेको थियो , तर सरकारवादी मुद्दा चलाउने नचलाउने विषयमा निर्णय लिने कुनै व्यवस्था थिएन । नेपाल अन्तरिम शासन बिधान , २००७ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था थिएन । नेपाल प्रधान न्यायालय ऐन , २००८ को पहिलो संशोधन २००९ ले पहिलो पटक एटर्नी जनरल (महान्यायाधिवक्ता) को व्यवस्था र निजको काम, कर्तव्य तथा सेवा शर्त वारे व्यवस्था गर्योन । यस ऐनले एटर्नी जनरललाई काम कर्तब्य तोक्दा मुद्दा चल्ने नचल्ने विषयमा कुनै कुरा बोलिएन । बि.स. २०१२ सालमा न्याय प्रशासन (पुनगर्ठन) ऐन जारी गरियो । यस ऐनले अब उप्रान्त सरकारी मुद्दाको तहकिकात एवं मुद्दा चलाउने समेतको काम कारवाही प्लिडर तथा प्रोसिक्युटर (अभियोक्ता) बाट गर्ने भन्ने कानूनी व्यवस्था गर्योस । यसबाट सरकारवादी हुने मुद्दाको तहकिकात गर्ने एवं त्यस्तो मुद्दा चलाउने निर्णय सरकारी वकील प्रोसिक्युटरले गर्ने भन्ने कानूनी व्यवस्था नेपालको कानूनी इतिहासमा बि.स. २०१२ सालमा नै स्वीकार गरिएको मान्न सकिन्छ । सर्वेच्च अदालत ऐन , २०१३ अन्तर्गत राजपत्रमा आदेश जारी गरी २०१३ साल श्रावण महिनामा गभर्मेन्ट एड्भोकेटको नियुक्ति गरियो । गभर्मेन्ट एड्भोकेटको नियुक्ति भए पनि सरकारवादी मुद्दा नचलाउने स्पष्ट कानूनी अधिकार दिएको देखिदैन ।

नेपाल अधिराज्यको संबिधान, २०१५ मा पनि महान्यायाधिवक्ताको संबैधानिक व्यवस्था हुन सकेन तरतत्कालिन सरकारले महान्यायाधिवक्ताको कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता सम्झी कार्यकारिणी निर्णयबाट२०१६ साल भाद्र महिनामा एटर्नी जनरलको नियुक्ति भयो र काम, कर्तव्य र अधिकार तोकियो । यससँगै सरकारी वकीलको केन्द्रीय निकायको रूपमा महान्यायाधिवक्ताको कार्यालयकोस्थापना समेत भयो । तर सरकारवादी मुद्दा नचल्ने निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई सुम्पेको पाइदैन ।

वि.स. २०१७ सालमा सरकारी मुद्दा सम्बन्धी ऐन, जारी भई २०१८ साल बैशाख देखि लागु भयो । यसऐनले पहिलो पटक सरकारी वकीलको परिभाषा गर्दै सरकारवादी हुने मुद्दामा कार्यपालिका तर्फका अधिकारीबाटप्रारम्भीक तहकिकात, जाँचबुझ र अदालतमा मुद्दा चल्दा यथोचित प्रतिनिधित्व गर्ने व्यवस्था भयो । सरकारवादी हुने फौजदारी मुद्दामा (ऐनको अनुसुची १ का मुद्दा) तहकिकात एवं अनुसन्धान गर्ने तथाअदालतमा मुद्दा दायर गर्ने कार्य प्रहरी र सरकारी वकीलबाट हुने व्यवस्था भयो । सरकारवादी हुने मुद्दामा वहस , पैरवी, प्रतिरक्षा, पुनरावेदन र निवेदन गर्ने समेतका कार्यहरू पनि सरकारीवकिलले गर्नु पर्ने कर्तव्य कानूनले सुम्पियो । २०२८ सालमा सरकारी वकील सम्बन्धी नियमावली जारी गरियो र यसले पुरानो सरकारीवकिल सम्बन्धी नियमवली २०१८ लाई खारेज गरी सरकारी मुद्दा सम्बन्धी ऐन , २०१७ को अनुसुची १ माउल्लेखित फौजदारी मुद्दा , अनुसुची २ मा उल्लेखित देवानी मुद्दा र सरकारलाई सरोकार पर्ने भनी सरकारलेतोकिदिएको

मुद्दालाई सरकारलाई सरोकार पर्ने मुद्दा भनी परिभाषित समेत गर्योर। यद्यपी सरकारवादी मुद्दा नचलाउने विषयमा महान्यायाधिवक्ताले अन्तिम निर्णय गर्ने अधिकार स्पष्ट उल्लेख हुन सकेन ।

नेपालको संबिधान, २०१९ जारी भएपछि भाग १४ मा महान्यायाधिवक्ताको छुट्टै संवैधानिक व्यवस्थागरियो । निजको काम कर्तव्यका बारेमा समेत उक्त संविधानले व्यवस्था गरेको थियो । तर सरकारवादी मुद्दा नचलाउने महान्यायाधिवक्ताको अधिकारलाई स्पष्ट उल्लेख हुन सकेन ।

नेपाल अधिराज्यको संविधान , २०४७ जारी भएपछि महान्यायाधिवक्ताको काम , कर्तव्य र अधिकारकोसम्बन्धमा छुट्टै व्यवस्था गरियो । सरकारको हकहित एवं सरोकार पर्ने मुद्दा चल्ने नचल्ने निर्णयमहान्यायाधिवक्ताबाट हुने संवैधानिक व्यवस्था स्पष्ट भाषामा प्रष्ट व्यवस्था भयो । संवैधानिक व्यवस्था अनुरुपको कानून निमार्ण गर्नु पर्ने आवश्यकता पर्न गए अनुरूप २०४९ सालमा अभियोजन सम्बन्धमासमसामयीक सुधार गर्न नयाँ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ जारी गरियो । २०५५ सालमा सोही अनुरूपसरकारी मुद्दा सम्बन्धी नियमावली र सरकारी वकील सम्बन्धी नियमावलीहरू जारी गरी लागू भएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १६ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था गरिएको थियो । यस संविधानले यस अघिका संविधानले महान्यायाधिवक्ता नेपालसरकारको मुख्य कानूनी सल्लाहकार हुने, नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा प्रतिनिधित्वगर्ने, नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारवादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जस्तो काम, कर्तव्यर अधिकारलाई निरन्तरता दिएको थियो । उल्लेखित काम कर्तव्यका अतिरिक्त केही नयाँ जिम्मेवारी पनि यो संविधानले महान्यायाधिवक्तालाई सुम्पेको थियो ।

नेपालको संविधानको भाग १२ मा महान्यायाधिवक्ता सम्बन्धी व्यवस्था रहेको छ । यस संविधानले यस अघिका संविधानले व्यवस्था गरेका महान्यायाधिवक्ता नेपालसरकारको मुख्य कानुनी सल्लाहकार हुने, नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा प्रतिनिधित्व गर्ने , यससंविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकार वादी वा प्रतिवादी भई दायर भएका मुद्दा मामिलामा नेपाल सरकारको तर्फबाट प्रतिरक्षा गर्ने जस्तामहान्यायाधिवक्तका काम , कर्तव्य र अधिकारलाई विस्तृत गर्दै निरन्तरता दिएको छ । संविधान एवं कानूनले महान्यायाधिवक्तालाई सुम्पेको जिम्मेवारी मध्ये सरकारवादी भै मुद्दा चल्ने वा नचल्ने मुद्दाको अन्तिम निर्णय गर्दा मुद्दा नचल्ने निर्णययका विषयमा अध्ययन अनुसन्धान गर्न आवश्यक ठानी महान्यायाधिवक्ताको कार्यालयबाट अध्ययन अनुसन्धान गर्न कार्यदल गठन भएको पाइन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट देशभरका मातहतका कार्यालयहरुबाट प्राप्त मिसिलको अध्ययन गरी मुद्दा नचल्ने अन्तिम निर्णय गरिने भएकोले विगत देखिका सबै निर्णयको अध्ययन अनुसन्धान हुन संभव देखिदैन । यसर्थ त्यसै कारणले नै हुनुपर्छ , महान्यायाधिवक्ताको कार्यालयबाट गठित कार्यदललाई आ .व. २०६३।०६४ देखि २०७४ अषाढ मसान्त सम्मका निर्णयहरुको अध्ययन अनुसन्धान गर्न कार्यदललाई आदेश दिइएको देखिन्छ । कार्यदलले तोकिएका अवधिका सबै निर्णय संकलन गरी अध्ययन अनुसन्धान गर्ने प्रयास गर्दा विद्युतीय माध्यममा नभएका र कार्यालयका कागजपत्रको एक

Office of the Attorney General, Nepal

स्थानमा व्यवस्थापन हुन नसकेको कारण केही निर्णय प्राप्त हुन नसकेकोले २०६७।०६८ देखि २०७४ असाढ सम्मका निर्णयहरु अध्ययन गरिएको छ । यद्यपी ति आर्थिक वर्षका भेटिए सम्मका सबै निर्णयहरुलाई अध्ययन गरिएको छ ।

### १.२ कार्यदलको गठन र कार्यादेश

महान्यायाधिवक्ताको कार्यालयको मिति २०७४।१०।२४ को निर्णयानुसार यस कार्यालयको दोस्रो पञ्चबर्षीय रणनीतिक योजनाको कार्यान्वयनको सन्दर्भमा स्वीकृत बार्षिक कार्यक्रम अनुसार सरकारवादी मुद्दा नचल्ने सम्वन्धी महान्यायाधिवक्ताको कार्यालयका निर्णयहरुको अनुसन्धानमूलक अध्ययन गरी प्रतिवेदन तयार पार्ने कार्यदल गठन गरिएको छ । सो कार्यदलमा महान्यायाधिवक्ताको कार्यालयका नायव महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल अनुगमनकर्ता, सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल संयोजक, उपन्यायाधिवक्ताहरु श्री हरिप्रसाद रेग्मी सदस्य, श्री प्रकाश कोइराला सदस्य, प्रहरी प्रधान कार्यालयका प्रहरी नायव उपरीक्षक श्री डम्बर के.सी.सदस्य प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालयका शाखा अधिकृतहरु श्री कल्पना राई, श्री घनश्याम घिमिरे सदस्य, शाखा अधिकृत श्री नगेन्द्र लम्साल सदस्य सचिव र खरिदार श्री सुरेन्द्र पाण्डे सहयोगी कर्मचारी रहने महान्यायाधिवक्ताको कार्यालयको च.नं. ६९९३ मिति २०७४।१०।२५ को पत्रमा उल्लेख छ । सदस्य सचिवमा तोकिनु भएका शाखा अधिकृत श्री नगेन्द्र लम्साल र सहयोगी कर्मचारी खरिदार श्री सुरेन्द्र पाण्डे नायव सुब्बामा पदोनन्ती भएर हाल सरुवा भइ अन्यत्र जानु भएको अवस्था छ ।

सरकारवादी मुद्दा नचल्ने सम्वन्धी महान्यायाधिवक्ताको कार्यालयका निर्णयहरुको अनुसन्धानमूलक अध्ययन प्रतिवेदन तयार गर्ने सन्दर्भमा यस कार्यदललाई देहाय बमोजिमको कार्यादेश तोकिएको छः

क. कार्यदलले २०६३ साल देखि २०७४ असार मसान्त सम्मका मुद्दा नचल्ने निर्णयहरुको सर्वेक्षण गर्नुपर्ने ।

ख. सर्वेक्षण भए बमोजिमका मुद्दा नचल्ने निर्णयहरुको सारसंक्षेप उल्लेख गर्नुपर्ने ।

ग. अध्ययन प्रतिवेदनको मस्यौदा उपर कम्तिमा एक पटक सम्वद्ध सरोकारवालासँग समूहगत छलफल गरी सुझाव संकलन गर्नुपर्ने ।

घ. कार्यादेश प्राप्त भएको मितिले १५ दिनभित्र अध्ययनको प्रारुप योजना, अनुसन्धान तथा अनुगमन विभाग समक्ष पेश गर्नुपर्ने ।

ङ. कार्य सम्पादनको क्रममा कुनै निकासा लिनु परेमा सम्वन्धित अनुगमन कर्ता वा योजना , अनुसन्धान तथा अनुगमन विभागका नायव महान्यायाधिवक्ताबाट लिन सकिने ।

च. कार्यदललाईअनुसन्धान कार्यका लागिछुट्याइएको रु. एक लाख बजेट प्रचलित आर्थिक प्रशासन सम्वन्धी कानुन बमोजिम खर्च गर्नुपर्ने ।

छ. कार्यदलले कार्यादेश प्राप्त भएको मितिले ३ महिना भित्र अनुसन्धानमूलक अध्ययन प्रतिवेदनको ढाँचामा अन्तिम प्रतिवेदन तयार पारी महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्नुपर्ने ।

Office of the Attorney General, Nepal

### १.३ अध्ययनको उद्देश्य

सरकारवादी मुद्दाको सफलताको संख्यात्मक प्रतिशत दर उत्साहजनक छैन । प्रतिवादीहरुले भिन्न तहका अदालतवाट लामो समय पछि अभियोग मागदावीवाट सफाइ पाएतापनि राज्यबाट कुनै क्षतिपूर्ति पाउने कानूनी व्यवस्थाको अभाव छ । प्रमाण नभएको मुद्दामा पनि जवर्जस्ती अभियोजन गरिने, कसुर गरेका अभियुक्तलाई अभियोग नलगाइ उन्मुक्ति दिइने, सरकारी वकिलहरुले मुद्दा चल्ने नचल्ने निर्णय लिदा संविधान तथा कानून प्रदत्त अधिकारको सफल कार्यान्वयन तर्फ ध्यान नदिने, सरकारी वकिलले पदीय जिम्मेवारी सक्षमता र निष्पक्षताका साथ कार्यान्वयन गर्न नसक्दा निर्दोष व्यक्तिले मुद्दा खेपिरहनु पर्ने बन्ने जस्ता सरकारी वकीलको काम कारबाही प्रतिका टिका टिप्पणी आउने गर्दछन् ।

यी यावत कुराको खोजीनिती यो अध्ययनले नगरे पनि यी कुरासंग सान्दर्भिकता राख्ने सरकारवादी मुद्दा नचल्ने गरी महान्यायाधिवक्ताको कार्यालयवाट भएका निर्णयहरुको विभिन्न कोणवाट विश्लेषण गरी आगामी दिनमा गरिनु पर्ने सुधारका सम्बन्धमा सुझाव दिनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

### १.४ समस्याको पहिचान

महान्यायाधिवक्ताको कार्यालयवाट मुद्दा नचल्ने गरी भएका निर्णयहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने गरिएको छैन, गरिएका निर्णयहरुमा पर्याप्त आधार र कारण तथा उल्लेख नगरी नहुने विवरण जस्तै ( घटना मिति, स्थान सहित वारदातको संक्षिप्त तथ्य, मुद्दा नचलाइएका प्रतिवादीहरु सवैको नाम) समेत खुलाउने नगरिएको र चल्नु पर्ने मुद्दा पनि नचलाउने गरी निर्णय भएको छ छैन भन्ने कुराको विश्लेषण गरी मुद्दा नचलाउने गरी निर्णय गर्दा र निर्णय पश्चात गरिनु पर्ने कार्यका सम्बन्धमा एउटा निश्चित विधि र प्रकृया अपनाउने पद्धतिको निर्माण र विकास गर्न जरुरी भएको ।

### १.५ अध्ययनको सिमा

महान्यायाधिवक्ताको कार्यालयले २०६७ साल देखि २०७४ असार मसान्त सम्मको अवधिमा मुद्दा नचल्ने गरी भएका कार्यालयमा उपलब्ध निर्णयहरु कार्यालय मै वसी सर्वेक्षण गरिएको छ । यद्यपी उक्त अवधिका मुद्दा नचल्ने निर्णहरु मध्ये प्रतिवादी नखुलेका मुद्दाहरुमा मातहत उच्च सरकारी वकील कार्यालयमा अधिकार प्राप्त अधिकारी नभएको कारण यस कार्यालयका तोकिएका सहन्यायाधिवक्ताले गरेको मुद्दा नचल्ने निर्णयको अध्ययन गरिएको छैन । अनुसन्धानका क्रममा अभियुक्त खुलेका तर मुद्दा नचल्ने गरी महान्यायाधिवक्तावाट निर्णय भएका भेटिए सम्मका मुद्दाहरुको निर्णयहरु संकलन गरी अध्ययन तथा विश्लेकषण गरिएको छ । यहाँ कुनै पनि मुद्दाको मिशिल अध्ययन गरिएको छैन । निर्णय आदेशमा जे उल्लेख भएको छ सोही तथ्य संकलन र तालिकीकरण गरी त्यसैको आधारमा विश्लेदषण र नतिजा निकालिएको छ ।

### १.६ अध्ययन सम्बन्धी कृयाकलाप

कार्यदलले कार्यालय समय बाहेक र विदाका दिन उपयोग गरी आफूलाई सुम्पिएको जिम्मेवारी निर्वाह गरेको छ । कार्यदलका पदाधिकारीहरु वीच छलफल गरी कार्यदलको कार्यदेशका वारेमा छलफल, जानकार भई कार्यदलले अध्ययन गर्ने कार्य योजना निर्माण गरी योजनाबद्ध ढंगले कार्य गर्ने प्रयास गरिएको छ । कार्यालयको कार्य व्यस्तताको कारण कार्य योजनाको पूर्ण रुपमा



Office of the Attorney General, Nepal

परिपालना गर्न नसकिए पनि कार्य योजनाले धेरै हदसम्म पद्दतीमा काम गर्न दिशा निर्देश गरेको छ । शुरुका दिनमा कार्यदलका सदस्यहरु खास गरी शाखा अधिकृतज्यूहरुवाट महान्यायाधिवक्ताको कार्यालयवाट मुद्दा नचल्ने गरी भएका निर्णयहरुको खोजी गरी स्क्यान गरी कम्प्युटरमा अभिलेख गर्ने काम भयो । भूकम्पको प्रकोपवाट भएको असर र कार्यालय सर्नु पर्दाको परिस्थितीले निर्णयहरु खोज्न समस्या परेकोलेनिर्णयको प्राप्ती र अभिलेखिकरणमा धेरै समय खर्चिनु पर्यो । तथापी निरन्तरको प्रयास पछि आ.व. २०६६/०६७, २०६७/०६८, २०६८/०६९, २०६९/०७०, २०७२/०७३ र २०७३/०७४ गरी ६ आर्थिक बर्षका मुद्दा नचल्ने गरी भएका फेला पार्न सकिएसम्मका निर्णयहरु संकलन गर्ने काम भएको छ ।

संकलित र अभिलेखिकृत मुद्दा नचल्ने निर्णयहरुको विवरणलाई प्रविष्ठ गर्ने ढाँचा निर्धारण गरी कार्यदलका पदाधिकारीहरु संलग्न भई  निर्णय सम्बन्धी विवरण जसमा कायदिशमा उल्लेख भए बमोजिम निर्णयको सारसंक्षेप समेत उल्लेख भएको छ, लाई तालिकामा प्रविष्ट गरिएको छ । तालिका बमोजिमको तथ्याङ्कलाई विभिन्न कोणवाट पुनर्तालिकीकरण र विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा मुद्दा नचल्ने निर्णयको सालवसाली हिसावले विषयगत आधारमा, मुद्दा नचल्ने निर्णय गर्दा लिएको आधार, मुद्दा नचल्ने गरी भएका मुद्दामा प्रतिवादी संख्या र लैगिक अवस्था, मुद्दा नचल्ने गरी भएका मुद्दाको भौगोलिक वितरण, मुद्दा नचल्ने गरी निर्णयको सन्दर्भमा गरिएको टिप्पणी वा निर्देशन आदिलाई विचार गरिएको छ ।

कार्यदलवाट गरिएका हरेक कृयाकलापमा सदस्यहरु वीचको औपचारिक/ अनौपचारिक छलफल र विज्ञहरुसंगको परामर्शमा आधारित रही गरिएको छ । कार्यदलको प्रतिवेदनलाई वस्तुपरक वनाउने प्रयास गरिएको छ । यस सन्दर्भमा ११ वटा कार्यदलको औपचारिक वैठक र मिति २०७५।३।१९ मा कार्यदलको प्रारम्भिक प्रतिवेदन उपर सरोकारवाला तथा विज्ञसंगको अन्तरक्रिया गरी सुझाव संकलन प्रतिवेदनलाई परिमार्जन समेत गरिएको छ ।

### १.७ अध्ययन प्रतिवेदनको स्वरुप

कार्यदलको प्रतिवेदन पाँच भागमा विभक्त छ;  **पहिलो भागमा** अध्ययन सम्बन्धी परिचय अन्तरगत पृष्ठभूमी, कार्यदलको गठन र कार्यदिश, अध्ययनको उद्देश्य, समस्याको पहिचान, अध्ययनको सिमा, अध्ययन सम्बन्धी कृयाकलाप र अध्ययन प्रतिवेदनको स्वरुपका वारेमा उल्लेख गरिएको छ । **दोस्रो भागमा** विषय बस्तुको अध्ययन शिर्षकमा ६ आर्थिक बर्षका महान्यायाधिवक्ताको कार्यालयवाट भएका मुद्दा नचल्ने निर्णयहरुको सारसंक्षेपलाई निर्धारित तालिकामा उल्लेखन गरिएको छ ।  **तेस्रो भाग विषयबस्तुको** विश्लेषण भाग हो जसमा, मुद्दा नचल्ने निर्णयको सालवसाली हिसावले विषयगत तालिकीकरण र विश्लौषण, मुद्दा नचल्ने निर्णयको आधारको विश्लेरषण, मुद्दा नचल्ने गरी भएका मुद्दामा प्रतिवादी संख्या र लैगिक अवस्था, मुद्दा नचल्ने गरी भएका मुद्दाको भौगोलिक वितरणको विश्लेमषण, मुद्दा नचल्ने गरी निर्णयको सन्दर्भमा गरिएको टिप्पणी वा निर्देशनको विश्लेषण उप शिर्षकहरुमा संकलित तथ्यको तालिकीकरण गरी विश्लेषण समेत गरिएको छ ।  **चौथो भागमा** अध्ययनको निचोड र सुझाव तथा  **पाँचौ भागमा**  उपसंहार राखिएको छ ।

Office of the Attorney General, Nepal

# भाग दुई
# विषयबस्तुको अध्ययन

## २.१ सरकारवादी मुद्दा नचल्ने निर्णयहरुको सारसंक्षेपः

(तालिका १)

| सि. नं. | जिल्ला | जाहेरवाला | प्रतिवादीको नामथर | लिङ्ग | मुद्दा | वारदात मिति | घटनाको संक्षिप्त तथ्य | मुद्दा नचल्ने निर्णय मिति | निर्णयको संक्षिप्तक व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | महोत्तरी | नगेन्द्र प्रसाद यादव | नमोन्द्र प्रसाद यादव | पुरुष | ज्यान (1) | २०६६।१० ।३ | रामरती देविको मृत्यु मिर्गी रोगको कारण भएको । | २०६७।०२ ।२९ | राम रति देविको मृत्यु मिर्गी रोगको कारण भएको भन्ने जाहेरी, मृत्युको कारण टाउकोमा चोट भन्ने शव परिक्षण प्रतिवेदन र मृतकलाई कोहि कसैले मारको होईन, आफै लडि मृत्यु भएको हो भनी अनुसन्धानको क्रममा वुझिएका मानिसहरुले गरीदिएको कागज समेतवाट प्रतिवादी उपर मुद्दा चलाउनु नपर्ने | आ.व. २०६६/ ०६७ |
| 2. | कंचनपुर | वल वहादुर पाल | जयराज जोशी, जनक चन्द जोसी, धनवहादुर चन्द | पुरुष ,, ,, | भवितव्य ज्यान (2) | २०६४।४। १० | मृतकको मुखमा घाउचोट भएको, खुट्टको नलिहाडमा खोस्रिएको भै प्रतिवादीहरूले सुनियोजित तबरले मारेको हुनसक्ने सम्भावना रहेको । | २०६७।२। २७ | जाहेरीमा शंका सम्म व्यक्त गरेको र हालसम्म प्राप्त प्रमाणवाट पानीमा डुवेर मरेको भएता पनि कसैको कर्तव्यवाट नै पानीमा डुव्ने सम्मको कार्य भएको हो भन्ने ठोस प्रमाण फेला परेमा मुद्दा चलाउन सकिने नै हुदाँ हाललाई तामेलीमा राखे । | |
| 3. | रौतहट | विन्देश्वरी राय | पल्टन | पुरुष | वन | नखुलेको | अवैध तवरले वन | २०६७।२। | प्रतिवादीहरुले जिल्ला वन पैदावार | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चौधरी, पुन्य प्रसाद सहनी, चन्द्र देव सहनी, राम अयोध्या राय, वद्रि राउत | ,, ,, ,, ,, | पैदावार ओसारप सार (1) | | पैदावार ओसारपसार गरेको । | ०४ | आपुर्ती समितिवाट खरिद गरेको छोडपुर्जी वमोजिमको काठ भएकोले मुद्दा चलाउन नपर्ने । | |
| 4. | नखुलेको | जनक वहादुर शाही | राम पुकार राउत प्रविण कुमार झा | पुरुष ,, | प्रतिवन्धित कुरा प्रकाशन गरेको । (1) | नखुलेको | संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका संयोजकलाई निलम्वन गरेको समाचार प्रकाशन गरी सो पार्टिलाई प्रोत्साहन र शान्ति शुरक्षामा असर पारेको । | २०६७।२।०३ | छापाखाना र प्रकाशन सम्वन्धि ऐनले नेपालको शान्ति शुरक्षा र व्यावसायमा खलल पार्ने समाचार प्रकाशनामा प्रतिवन्ध लगाएकोले उक्त प्रकाशित समाचारले यस प्रकारको कार्य गरेको नदेखिदाँ मुद्दा चलाउनु नपर्ने । | |
| 5. | नखुलेको | अखिल नेपाल फुटवल सघ | कुमार घिमिरे | पुरुष | ठगी (1) | नखुलेको | अनाधिकृत रुपमा टिकट छपाई गरी विक्रि वितरण वा किर्ते गरे गराएको । | २०६७।२।३० | सो टिकट नक्कली भन्ने तर्फ एकिन नगराईएको र सोवाट फुटवल सघलाई कुनै ठगी गरेको अवस्था समेत नदेखिएको । | |
| 6. | नखुलेको | मिनु श्रेष्ठ | कृष्ण वहादुर तामाङ | पुरुष | सवारी अंगभग (1) | नखुलेको | प्रतिवादीले सवारी अंगभगको कसुर गरेको | २०६७।२।२२ | सवारी दुर्घटनावाट घाईते भएका र चालकलाई पुगेको चोट सामान्य रहेको, पीडितलाई टाउकोमा चोट पुगेको भएपनि कुनै अंगभग नभएको, सवारी अंगभग दुर्घटनावाट सामान्य चोटपटक घटना पनि अनुसुची मा समावेश भएपनि त्यस्तोमा सजाय हुने व्यवस्था ऐनमा नभएको र पीडितले | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | घाउ उपचार खर्च पनि प्राप्त गरिसकेको । | |
| 7. | काठमान्डौ | भीम श्रीष | रुपेस भन्ने तोया प्रसाद खतिवडा समेत | पुरुष | ज्यान मार्ने उद्योग (३) | नखुलेको | प्रतिवादीहरुले भाला, खुकुरी रड समेतका जोखिमी हतियार प्रहार गरी ज्यान मार्ने उद्दोग गरेको । | २०६७।२।३० | सो घटना विधार्थीहरु विचको विवाद रहेको ज्यान मार्ने सम्मको स्थिति नरहेको भन्ने बुझिएका मानिसहरुको कागज, घटनाको प्रकृति सामान्य रहेको र आरोपित व्यक्तिहरु पक्राउ नै नपरी वयान नै नगरी मुद्दा चलाउने तर्फ गरिने निर्णयले तात्विक भिन्नता नहुने । | |
| 8. | नखुलेको (पाटन) | राजिव शर्मा | किशोर कुमार मगर समेत | पुरुष | ठगी र वैंडकिङ कसुर (२) | नखुलेको | ठगी र वैंडकिङ कसुर गरेको । | २०६७।२।४ | वैंडकिङ कसुर अभियोगपत्र पेश भएको । | |
| 9. | सिन्धुपाल्चोक | प्रहरी प्रतिवेदन | दिनेश तामाङ, लक्ष्मी तामाङ | पुरुष महिला | के.सा.अ. (१) | नखुलेको | प्रतिवादीले केहि सार्वजनिक अपराध गरेको । | २०६६।१०।०६ | मुद्दा चलाउने हदम्याद समाप्त भैसकेको अवस्थामा मुद्दा चलाउनु नपर्ने । | |
| 10. | नखुलेको | राम वहादुर कार्कि | देवराज मल्ल | पुरुष | ठगी (३) | नखुलेको | प्रतिवादीले एउटा जग्गा भनी अर्के जग्गा विक्रि गरेको र विक्रि गरेको जग्गा मालपोत कार्यालयवाट लिखत परित भएको । | २०६७।२।२० | पारित जग्गा प्रतिवादी र निजको श्रीमतीवाट प्राप्त गरी लिएको सप्रमाण लिखतवाट देखिएकोले जाहेरीमा भनेजस्तो ठगी नभएको । | |
| 11. | काठमान्डौ | अमिर कुमार के.सी. | किशोर कुमार | पुरुष | नागरिकता ठगी | २०६७।२।२ | प्रतिवादिले जाहेरवालालाई ठगी गरेको । | २०६७।२।०४ | जाहेरवाला र प्रतिवादी वीच आपसी करार भएको र करार वमोजिमको | जम्मा ११ थान |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | के.सी. | | (४) | | | | लेनदेन कार्य समेत मिलि सकेको अवस्थामा ठगीको कसुर अन्तर्गत नपर्ने । | |
| 12. | दाङ | वल वहादुर के.सी. | दल वहादुर वुढाथोकी | पुरुष | ज्यान मार्ने उद्योग (४) | नखुलेको | प्रतिवादीले गोविन्द वहादुर के.सी. लाई ढुङ्गाले टाउकोमा हानी घाईते वनाई नगद र सुनको सिक्रि समेत लुटि लगेको । | २०६८।०३।२० | मैले गाली गरेको कारण प्रतिवादीले सामान्य किसिमले घकेल्दा ढुङ्गामा परि चोट लागेको हो ज्यान मार्ने नियतले धकेलेको होईन भनी घाईते र प्रतिवादीले अनुसन्धानको क्रममा कागज तथा वयान गरेको, घाईतेको घाउ जाँच केश फारम नभएको र प्रतिवादीसँग पीडितको ज्यान लिनुपर्ने सम्मको रिस इवी रहे भएको पनि नदेखिएको । | आ. ब. २०६७ / ०६८ |
| 13. | नखुलेको | कालिका देवी वास्तोला | अनिरुद्द वास्तोला समेत | पुरुष | वहु विवाह (१) | नखुलेको | प्रतिवादीले वहुविवाह गरेको । | २०६८।०२।२७ | प्रतिवादी र जाहेरवाला वीच अंश लिई छुट्टिएको अवस्थामा प्रतिवादीले दोस्रो विवाह गरेकोले मुद्दा चलाउन नपर्ने । | |
| 14. | काठमान्डौ | चण्डिका पोखरेल | तेजकरण जैन | पुरुष | कालोवजार (2) | नखुलेको | आफ्नो टेड्रमार्कको रुपमा रहेको मख्खन अरेन्ज व्राण्डको चामल कै जस्तै हुवहु मिल्दो व्रान्डको चामल विक्रि गरी आफ्नो उद्दोगलाई क्षति एवं उपभोक्तालाई ठगी र कालोवजार गरेको । | २०६८।०२।२९ | कालोवजार अन्तर्गतको मुद्दामा मुद्दा नचल्ने निर्णय गर्दाको अवस्थामा नै हदम्यादसमाप्त भैसकेको अवस्थामामुद्दा चलाउन मिलेन, अन्यविषयमा उद्दोग विभागले कारवाहि सम्पन्न गर्नु भनी लेखि पठाउने , साथै यस मुद्दामा हदम्याद नाघी अनुसन्धन भएको विषयमा सम्वन्धित अनुसन्धान कर्तालाई कारवाहि गर्ने लेखि पठाउने निर्णय । | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 15. | सिन्धुपाल्चोक | लालजित तामाङ | घम्मर वहादुर श्रेष्ठ समेत | पुरुष | ज्यान मार्ने उद्योग (५) | नखुलेको | प्रतिवादीहरु समेतले ज्यान मार्ने उद्देश्यले हातहतयार प्रहार गरी कुटपिट गरेको । | २०६८।०३।०६ | पीडितको कागज व्यहोरामा एक्कासी ५।६ जना आई कुटपिट गरी सो चोटको उपचार टिचिङ अस्पतालमा गरेको सो को केस फारम एवं अन्य रेकर्ड नभएको हुदाँ ज्यान मार्ने उद्दोग तर्फ मुद्दा चलाउन मनासिव नदेखिए पनि पिडितलाई कुटपिट महल वमोजिम मुद्दा चलाउन स.मु.स.ऐन, २०४९ को दफा २३ वमोजिम गर्न जाहेरवालालाई जानकारी दिने र ज्यान मार्ने उददोग तर्फ मुद्दा नचलाउने । | |
| 16. | झापा | प्रमिला विष्ट | राम वहादुर खडका | पुरुष | ज्यान मार्ने उद्योग (६) | २०६७।२।२८ | प्रतिवादीले पीडितको घाटिमा आएको ट्युमर काटी ज्यान मार्ने उद्दोग गरेको । | २०६८।३।०६ | वुहारीको घाटिमा आएको ट्युमर उपचार गर्न भनी ट्युमर काटी रताम्मे पारेको भन्ने घटना उपर कारवाहि माग गरेको भएपनि घर परिवार कै व्यक्ति प्रतिवादीले उपचार गरेको सम्मको अवस्था भएको र जघन्य जटिल अवस्था नभै सामान्य देखिदाँ कुटपिट वा ज्यान मार्ने सम्मको उददोग देखिएन् । | |
| 17. | काठमाण्डौ | दिर्घ वहादुर वोगटी | विषराम चौधरी | पुरुष | आगलागी (१) | २०६६।।०२ | डम्मर कुमारीलाई ठक्कर दिएको विषयमा उक्त वसमा आगो लगाई दिएको कारण वस पुर्ण रुपमा जली क्षति भएको र सो वारदातमा प्रतिवादीको संलग्नता | २०६८।०३।०६ | आरोपित प्रतिवादीको सम्वन्धमा एकिन प्रमाण नभएका कारण हाजिर जमानीमा छाडिएको देखिदाँ निजका सम्वन्धमा हाल मुद्दा चलाउनु पर्ने देखिएन् । | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | रहेको । | | | |
| 18. | चितवन | दिलमाया ठाडा मगर | लोचन शर्मा, सुनिता शर्मा, राजन श्रेष्ठ | पुरुष महिला पुरुष | चोरी (१) | नखुलेको | प्रतिवादीहरुले फ्रुटिमा लागु औषध खुवाई चोरी गरेको । | २०६८।३।२६ | प्रतिवादीहरु राजन श्रेष्ठ र सुनिता शर्मा पक्राउ पर्न नसकेका र निजहरुको वतन समेत खुल्न नसकेको, दशीका सामानहरु वरामद हुन नसकेको, वरामदित फ्रुटिको वट्टमा कुनै पनि औसधी फेला नपरेको र पक्राउ प्रतिवादीले कसुरमा ईन्कार रहि वयान गरेको । | |
| 19. | नखुलेको | राममाया श्रेष्ठ | राज नारायण लिम्वु, अनुप कार्कि समेत | पुरुष | ज्यान मार्ने उद्योग (७) | नखुलेको | प्रतिवादीहरुले ज्यान मार्ने उद्दोग गरेको । | २०६७।१०।२८ | पीडितको चोट सामान्य प्रकृतिको रहेको, ज्यान मार्ने सम्मको ईवि झगडा गरेको नभै सामान्य विवादवाट उत्पन्न झगडासम्म भएको भनी पिडित कै भनाई रहेकोले पिडितलाई कुटपिट तर्फ नालेश गर्न जानकारी दिने । | |
| 20. | नखुलेको | डिल्ली शाहि | शुरेश कुमार के.सी. लक्षमण तिमिल्सेना, रामचन्द्र साहि समेत | पुरुष | ज्यान मार्न उद्योग (८) | २०६७।८।२३ | प्रतिवादिले रामचन्द्र शाहिलाई ज्यान मार्ने उद्दोग गरेको । | २०६७।१०।२८ | अनुसन्धानको क्रममा वुझि कागज गराईएका हरुले आपसी झगडाका क्रममा भागदौड हुदाँ जस्तापातामा ठोकिई काटिएको भनी स्वयं पिडिले कागज गरेको र घाउचोट घातक नभै सामान्य प्रकृतिको रहेकोले ज्यान मार्न उद्दोगमा मुद्दा चलाउन नपर्ने । | पु.स .व.का दिपायल |
| 21. | चितवन | शंकर प्रसाद आचार्य | लक्ष्मण चौधरी समेत | पुरुष | ज्यान मार्न उद्योग (९) | २०५५।९।६ | प्रतिवादीले ज्यान मार्ने उद्दोग गरेको । | २०६७।१०।७ | वारदात भएको होईन भनी जाहेरवालाले निवेदन दिएको, सामन्य कुटपिट भएको विषयमा उजुर परेको, प्रतिवादी र पीडित वीच कुनै रिसईवी रहेको नदेखिएको र पिडितको कागज | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | नभएको एवं बुझिइएका मानिस र प्रतिवादी समेतले सो वारदात भएको होईन भनी लेखाईदिएको । | |
| 22. | कास्की | सविन अधिकारी | राजु अधिकारी | पुरुष | के.सा.अ. (२) | २०६७।६।२५ | केस मिलाउन लिएको रकम मध्ये केहि फिर्ता दिएको र केही वाकि रहेकोले फिर्ता गरी पाँउ | २०६७।०९।२६ | मुद्दा के.सा.अ प्रकृतिको पनि नभएको र मुद्दा चलाउने हदम्याद पनि समाप्त भैसकेको । | |
| 23. | मोरङ | अम्वर बहादुर गुरुङ | दिवस भन्ने देउमान राई | पुरुष | ज्यान मार्ने उद्योग (१०) | नखुलेको | प्रतिवादीले ज्यान मार्ने उद्दोग गरेको । | २०६७।०।४ | जाहेरवाला र प्रतिवादी वीच मिलापत्रको कागज, रिसईवीको कारण जाहेरी दिएको भन्ने जाहेरवालाको कागज र शरीरमा क्षति पुगेको अवस्था समेत नभएको । | |
| 24. | नखुलेको | परराष्ट्र मन्त्रालय | जानकी कुमारी श्रेष्ठ, लक्ष्मी कुमारी खडका | महिला महिला | नागरिकता किर्ते (१) | नखुलेको | प्रतिवादीको उमेर आशका भएको र निजहरुले अविभावकको मंजुरी विना ललाई फकाई विदेश लान खोजेको । | २०६७।१०।२० | प्रतिवादीहरुको नागरिकताको प्रमाणपत्रको रेकर्ड सम्वन्धित प्र.जि.अ. कार्यालयवाट प्राप्त भएकोले नागरिकता किर्तेमा मुद्दा चलाउन नपर्ने । | |
| 25. | ईलाम | गिता भट्टराई | विन्दु राई, तारा खडका | महिला महिला | वहुविवाह (२) | नखुलेको | प्रतिवादीसगँ भएको शारिरिक सम्वन्धवाट वच्चा जन्मिएको र नाता कायम भएकोमा अर्को प्रतिवादी तारा खडकासगँ विवाह गरेको । | २०६७।०९।३ | अनुसन्धान कारवाहिको क्रमका कागजवाट तारा खडका सगँ विवाह भएको होईन रहेछ भनी स्वयं गिता राईकै कागजवाट अन्यथा भै वहुविवाहको वारदात घटित भएको भएको नदेखिदाँ मुद्दा नचलाउने । | |
| 26. | सुनसरी | छविलाल भन्डारी | विसाल साह | पुरुष | लागु औषध (१) | नखुलेको | प्रतिवादीहरुले लागु औषध कारोवार गरेको । | २०६७।०९।०९ | वरामद भएको भनिएको औषधी विधि विग्यान प्रयोगशालावाट परिक्षण भै आउदाँ लागु औषध भएको नदेखिदाँ | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | मुद्दा चलाउनु नपर्ने । | |
| 27. | काठमान्डौ | प्रहरी प्रतिवेदन | अभिनव कसजु , दिप संकर कसजु | पुरुष पुरुष | प्रतिलिपी अधिकार उल्लङ्घन (३) | नखुलेको | प्रतिवादीहरुले संचालन गरेको Dren and ideas नामक कम्पनिले प्रतिलिपी अधिकारको उल्लङगन गरेको । | २०६७।०८।२९ | प्रतिवादीहरुले वयान गर्दा विदेशी चलचित्रको कपि गरेको हो भनी लेखाएको देखिन्छ । प्रतिलिपी अधिकार ऐन, २०५९ ले कसुर र सजाय हुन रचयिता र प्रतिलिपी अधिकार धनि हुनुपर्ने र संरक्षित अधिकारको उल्लगन गर्ने व्यक्तिवाट नोक्सानी क्षेतिपुर्ती भराउनु पर्नेमा यस सम्वन्धमा एकिन नभएको हुदाँ मुद्दा चलाउनु नपर्ने । | |
| 28. | नखुलेको | पासाङ नोर्वु शेर्पा | मिलन राई, नकुल राई, कुमार राई, सुवास राई | पुरुष पुरुष पुरुष पुरुष | ज्यान मार्ने उद्योग (११) | नखुलेको | निमा शेर्पालाई वजार गई फर्केने क्रममा खुकुरी प्रहार गरी कुटपिट गरेको । | २०६७।०९।२५ | अनुसन्धान गरिएका मानिसहरुको ईन्कारी, पीडित र जाहेरवालाले यी व्यक्ति वारदातमा संलग्न नरहेको अरु नै व्यक्ति रहेको लेखाएको, घाईतेको चोटको प्रकृती जघन्य र ज्यान मार्ने सम्मको भएपनि प्रतिवादीलाई मुद्दा चलाउने प्रमाणको अभाव रहेको । | |
| 29. | मोरङ | वन्दना वि.क. | अशोक प्रधान | पुरुष | जवरजस्ती करणी (१) | २०६७।७।९ | प्रतिवादीले आफु सुतिरहेको वेला मेरो गाला र छातिमा टोक्ने तथा योनीमा लिङ्ग दलेको । | २०६७।०८।२४ | पिडितको शारिरिक जाच हुदाँ शरिरमा चोट पटक नभएको, चिकित्सक र वुझिएका मानिसहरुले प्रतिवादीले ज.क. गरेको हो भनी लेखाउन नसकेको, पिडितकि आमाले छोरीलाई जवरजस्ती करणी गरेको होईन भनी लेखाएको समेतवाट मुद्दा चलाउन नपर्ने । | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 30. | वाग्लुङ | नर वहादुर सुनार | ग्यानेन्द्र पोखेल | पुरुष | ज्यान मार्ने उद्योग (१२) | २०६७।७।३ | प्रतिवादीहरुले दयाराम सुनारलाई टाउकोमा खुकुरीप्रहार गरी ज्यान मार्ने उद्दोग गरेको । | २०६७।०९।०४ | प्रतिवादीहरुले दयाराम सुनारलाई कुटपिट गरेको पुष्टि भएको, उक्त कुटपिट सामान्य रहेको, पिडित स्वयंले कागज गर्दा झगडा सम्म भएको ज्यान मार्न होईन भनी लेखाई दिएवाट ज्यान मार्ने उद्दोगमा मुद्दा चलाउनु नपर्ने । | |
| 31. | भक्तपुर | मुक्तिनाथ खरेल | दिपेश खत्री समेत | पुरष | के.सा.अ. (३) | २०६७।६। | डिउटीमा रहेका प्रहरीलाई गालि गलौज गरेको । | २०६७।०७।०९ | प्रस्तुत मुद्दाको हदम्याद समाप्त भैसकेकोले मुद्दा चलाई रहनु नपर्ने । | |
| 32. | नखुलेको | हेमन्त वस्नेत | जंगवहादुर लावती, अनिल, आसिस | पुरुष पुरुष पुरुष | ज्यान मार्ने उद्योग (१३) | नखुलेको | चक्र वहादुर लिम्बुलाई मार्ने नियतले कुटपिट गरेको । | २०६७।०९।२५ | घाईते चक्र वहादुर लिम्वुको कागजवाट पनि ज्यान मार्ने सम्मको कसुर घटित भएको होईन भनी देखिएको र चोट प्रकृतिवाट पनि ज्यान मार्ने सम्मको अवस्था नदेखिएको । | |
| 33. | मोरङ | नितिलाला सिह समेत | रामस्वरुप खडका | पुरुष | जग्गा रोक्क, नागरिकता (४) | नखुलेको | प्रतिवादी भारतीय नागरीक भएकोले निजको जग्गा जफत गरी पाउ । | २०६७।०७।१० | प्रतिवादीले ना.प्र.प. ५८८ वाट जन्मसिद्द नेपाली नागरिकता प्राप्त गरेको र आफु नेपाली हु भनी वयान गरेको हुदाँ निज विरुद्दा मुद्दा चलाउनु नपर्ने । | |
| 34. | स्याङजा | लक्ष्मी देवी सुवेदी | गजेन्द्र वाग्ले | पुरुष | जवरजस्ती करणी (२) | २०६७।५।२० | प्रतिवादीले हाडनाता भित्रकी कान्छी आमा पर्नेलाई डरत्रासमा पारी जोरजुलुम गरी जवरजस्ती करणी गरेको । | २०६७।०७।१० | वारदात २०६७।५।२० कायम गरी मुद्दा अनुसन्धान भएको देखिदाँ तथ्य भित्र प्रवेश गरी मुद्दा चल्ने निर्णय गर्नु परेन । | |
| 35. | दाङ | कृष्णराज | गोपाल मिया | पुरुष | गौवध | २०६७।।३ | प्रतिवादीले गाईको मासु | २०६७।१० | प्रतिवादीको ईन्कारी वयान समेतवाट | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अधिकारी | समेत | | (१) | | काटेको । | ।२५ | निजले जिउदो गाई काटेको भन्ने नदेखिदाँ मुद्दा चलाउनु पर्ने देखिएन । | |
| 36. | चितवन | हठनराम महतो | शिब नारायण महतो | पुरुष | सवारी ज्यान (२) | नखुलेको | सवारी दुर्घटना | २०६७।०७।८ | मृतककी पत्नी र वुझिएका मानिसहरुको कागजवाट मृतक आफैले सिक्ने क्रममा दुर्घटना भएको हो कसैको संल्नता छैन भनी लेखाइदिएकोले कोहि कसै उपर सवारी ज्यान मुद्दा चलाउनु नपर्ने । | |
| 37. | नखुलेको | डोम छिरिङ | दुजाङ शेर्पा | पुरुष | ज्यान मार्ने उद्योग (१४) | नखुलेको | प्रतिवादीले शशि गुरुङ समेतलाई कुटपिट गरि ज्यान मार्ने उद्दोग गरेको । | २०६७।१०।२० | पिडितको घाउ जाच केस फारम, फोटो, वुझिएका मानुसहरूको भनाई एवं प्रतिवादीको भनाईवाट जघन्य किसिमको घटना भएको देखिएन । हातमुक्का वाहेक अन्य कुनै हातहतियार प्रयोग र चोट नदेखिएकोले कुटपिट तर्फ कारवाहि गर्न जाहेरवालालाई सुचना दिने । | |
| 38. | नखुलेको | परराष्ट्र मन्त्रालय | दल वहादुर वि.सी. | पुरुष | सरकारी छाप दस्तखत किर्ते (२) | नखुलेको | नागरिकताको प्रमाण पत्र तयार गरी सरकारी छाप दस्तखत किर्ते गरेको । | २०६७।०९।२५ | प्रतिवादीले नागरिकतालाई राहदानी प्रयोजनको लागि पेश गर्दा this is color copy भनेकोमा संकित जनीइ अनुसन्धान हुदाँ उक्त ना.प. सम्वन्धित कार्यालयवाट जारी भएको देखिदाँ मुद्दा चलाउनु पर्ने देखिएन । | |
| 39. | नखुलेको | नारायण पासवान | उमेश कुमार मण्डल | पुरुष | ज्यान मार्ने उद्योग (१५) | नखुलेको | प्रतिवादीले ज्यान मार्ने उद्दोग गरेको । | २०६७।०९।०४ | घाईतेको घाउजाच समेत नरहेको, किटानी जाहेरी वाहेक अन्य प्रमाण मिसिल संलग्न गर्न नसकेको अवस्थामा मुद्दा चलाउनु नपर्ने । | |
| 40. | नखुलेको | गंगा वहादुर | राजमान | पुरुष | वहुविवा | नखुलेको | राजमानले लक्ष्मी | २०६७।०८ | मेरो श्रीमानले वहुविवाहा गरेको होईन | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लिम्वु | आङदम्वे, लक्ष्मी राइ | महिला | ह (३) | | राईलाई विवाह गरेको । | ।२९ | भनी प्रतिवादी की श्रीमती, वुझिएका मानिसहरुले कागज गरिदिएवाट प्रतिवादीले वहुविवाह गरेको नदेखिएको । | |
| 41. | रौतहट | विजय कुमार गुप्ता | विगुराम यादव | पुरुष | ज्यान मार्ने उद्योग (१६) | नखुलेको | प्रतिवादीले ज्यान मार्ने उद्वोग गरेको । | २०६७।०७।१० | प्रतिवादीहरुको वयान, पिडितको घाउ केस फारमवाट यि प्रतिवादीले नै कुटपिट गरेको नदेखिदाँ मुद्दा चलाउन नपर्ने । | |
| 42. | नखुलेको | शम्भुलाल साह | जयराम प्रसाद यादव समेत | पुरुष | डाँका (२) | नखुलेको | प्रतिवादीले डाका गरेको । | २०६७।०७।१० | प्रतिवादीवाट सामान वरामद पनि नभएको, जाहेरवाला र वुझिएका मानिसहरुले पनि डाका गरेको होईन भनी कागज गरेकोले मुद्दा चलाउन नपर्ने । | |
| 43. | पर्शा | रेखा कडेल | रेखा कडेल | महिला | झुन्डि आत्महत्या (१७) | नखुलेको | प्रतिवादीले लोग्नेलाई कर्तव्य गरी मारेको । | २०६७।०७।१० | मृतकको शरिरमा संघर्षका चिन्हहरु नदेखिएको, वुझिएका मानिसहरुले पनि किटान साथ मारेको भनी लेखाउन नसकेको, लास झुन्डेर मरेकै प्रकृतिको रहेको समेतवाट कसै उपर पनि मुद्दा नचलाउने । | |
| 44. | खोटाङ | जित वहादुर राई | उमेस राई, किसोर राई | पुरुष | ज्यान मार्ने उद्योग (१८) | २०६७।४।८ | मार्ने नियतले कुटपिट गरेको । | २०६७।७।०८ | अभियुक्तहरु पिडिको नजिकका मानिस भएको, उनीहरुले नै पिडितको उपचार गराएको, घाउ जाच केश फारमवाट पिडित मर्ने सम्मको अवस्थामा नरेहेको, रिसको आवेशमा सो वारदात भएको सामान्य कुटपिट सम्म भएको देखीने । | |
| 45. | भक्तपुर | वुद्दिलाल | रामकाजी | पुरुष | के.सा.अ | २०६६।०५ | के.सा.अ गरेको । | २०६७।५। | वारदात २०६६।०५।०७ मा | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संजितकार | रंजितकार समेत | | .<br>(४) | ।०७ | | ५ | भएकोमा सो हदम्याद भन्दा पछि दायर गर्न नसकिने । | |
| 46. | पाँचथर | अशोक राज अधिकारी | भिम हेम्पा समेत | पुरुष | ज्यान मार्ने उद्योग (१९) | २०६७।।२७ | प्रतिवादीहरुले ज्यान मार्ने उद्दोग गरेको | २०६७।७।६ | प्रतिवादीहरुको ईन्कारी वयान, सामन्य प्रकारको घाईतेको चोट, स्वयं जाहेरवालाको कागज समेतवाट घटना पुष्टि हुन नसक्ने । | |
| 47. | महोत्तरी | दुखि सदा अन्सारी | रामबृक्ष मण्डल<br>मिठु वरही<br>ताहिर नट अन्सारी | पुरुष<br>पुरुष<br>पुरुष | ज्यान (२०) | २०४८।४।० | आमा बाबुलाई खोज्न विजलापुर - जुडी बजारमा गएको अवस्था पासपत सदालाई चोर भनी नाम नचिनेका ३-४ जनाले कुटपिट गरी उपचारको क्रममा मृत्यु भएको | २०६८।४।५ | अनुसन्धानवाट कर्तव्यवाला पुष्ठी हुने प्रमाण नरहेको र ज्यान सम्बन्धीको २० नं. को हदम्यादको अभाव रहेको । | आ. ब. २०६८ / ०६९ |
| 48. | चितवन | उमाशंकर अग्रवाल | पुष्पकमल दाहाल<br>सिंह बहादुर गोले<br>सुष्मा खनाल<br>इश्वर सापकोटा<br>यज्ञ चौधरी<br>रामचन्द्र पौडेल | पुरुष<br>पुरुष<br>महिला<br>पुरुष<br>पुरुष<br>पुरुष | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (१) | २०६६।२।२२ | माओवादीहरुले ना.३.ख ३८५० नं. को बस र ना.२.ख. ६९४० नं. को ट्रकमा आगजनी गरी नोक्सान पारिदिएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार । तर निर्णयमा नेपाल सरकारको निर्णय मिति नखुलेको । | |
| 49. | चितवन | श्यामनन्द | पुष्पकमल | पुरुष | आतङ्क | २०६२।।२ | मनराज तामाङ र | २०६९।३। | आतङ्ककारी तथा विध्वंसात्मक | ,, |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | थन्दार | दाहाल<br>सम्झना श्रेष्ठ<br>नारायण कुँवर<br>घनश्याम दाहाल<br>रामबहादुर परियार<br>दण्डपाणी पौडेल | महिला<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष | कारी तथा विध्वंसात्मक अपराध (२) | ४ | रामचन्द्र तामाङलाई माओवादीहरुले गोली हानी हत्या हरेको | ७ | अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |
| 50. | चितवन | प्र.ना.नि. ईन्द्र बहादुर मल्ल | पुष्पकमल दाहाल<br>रामबहादुर थापा<br>वावुराम भट्टराई<br>कृष्णबहादुर महरा<br>चित्रबहादुर श्रेष्ठ<br>भुमेश्वर कंडेल<br>विश्व ओझा<br>इश्वरी रिजाल<br>मानबहादुर तामाङ | पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>परुष | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (३) | निर्णयमा नखुलाएको | माओवादीहरुले इलाका प्रहरी कार्यालय, खैरहनीमा आक्रमण गरी ० लाख बराबरको क्षेति पुर्यामएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | ,, |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सिंह बहादुर गोले | | | | | | | |
| 51. | चितवन | प्र.स.नि. रवि कुमार पौडेल | पुष्पकमल दाहाल<br>रामबहादुर थापा<br>वावुराम भट्टराई<br>घनश्यास दाहाल<br>सिंह बहादुर गोले<br>मधुर नेपाल<br>राम परियार | पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष<br>पुरुष | आतङ्क कारी तथा विध्वंसात्मक अपराध (४) | २०६६।२।२३ | यात्रुबाहक बसमा माओवादीहरुले विद्युतीय धराप विस्फोटन गराई ३३ जना यात्रुको मृत्यु भएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | ,, |
| 52. | सिराहा | खेम नारायण चौधरी | वडा प्रहरी कार्यालय लाहान | - | गोली लागि मृत्यु (२१) | २०६६।४।५ | काठमाण्डौवाट पक्राउ गरी सिराहा लाने क्रममा पर्सुराम यादव भाग्न खोजेकोले गोली चलाउदा घाइते भइ मृत्यु भएको | २०६८।६।३ | गोली हान्नेलाई नबुझेकोले थप अनुसन्धान गर्न मिशिल फिर्ता पठाउने | |
| 53. | उदयपुर | उदयपुर सिमेण्ट उद्योग | सरोज कुमार थापा समेत ५ जना | पुरुष | उपभोक्ता संरक्षण ऐन अन्तरगतको कसूर | २०६८।३।२ | विराटनगरवाट ना.४ख. ३४३९ को टेङ्करवाट उदयपुर लगेको फर्नेस आयल अनलोड गर्दा पानी मिसिएको पाइएको | २०६८।४।९ | परिक्षण प्रतिवेदनवाट गुणस्तर यकिन हुन नसक्नुका साथै प्रतिवादीले कसूर गरेको पुष्टी हुने प्रमाणको अभाव रहेको | सवै प्रतिवादीको नाम उल्लेख नभएको |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | (५) | | | | | |
| 54. | सर्लाही | प्र.स.नि. पिताम्बर आचार्य | मोतीलाल महतो | पुरुष | लागू औषध (२) | नखुलेको | प्रतिवादीको मोती मेडिकल हलवाट proxyvon क्यापसुल बरामद भएको | २०६८।५।६ | बरामदी वस्तु लागू औषध भन्ने परिक्षणवाट नदेखिएको | |
| 55. | सर्लाही | गौरी नारायण साह | रामपदारथ साह समेत | पुरुष | डाँका (३) | २०६६।।७ | प्र. समेतले जाहेरवालाको घरमा डाँका गरी धनमाल लगेको | २०६८।५।६ | जाहेरवाला कै लिखित जवाफमा डाँका भएको होइन भनेको र दशी बरामद नभएकोले कसूर पुष्टी हुने प्रमाण नभएको र हदम्याद समेत नाघेको । सवै प्रतिवादीको नाम निर्णयमा नखुलाएको । | |
| 56. | मकवानपुर | प्र.स.नि. होम बहादुर चौहान | ओम पुकार भगत बरै रामेश्वर शाह | पुरुष पुरुष | कस्तुरी को विना (२) | नखुलेको | प्र. ओम पुकार भगत बरैवाट कस्तुरीको विना बरामद भएको | २०६८।६।३० | बरामद वस्तु कस्तुरीको विना नभएको भन्ने परिक्षण प्रतिवेदन भएको | |
| 57. | रसुवा | केन्द्रिय प्रहरी ब्युरो | चित्रमान डंगोल | पुरुष | धर्म परिवर्तन (६) | नखुलेको | प्रतिवादीले विद्यालयमा गई धर्म परिवर्तन गराएको भन्ने ईमेलवाट प्राप्त जाहेरी | २०६९।२।८ | कसूर पुष्टी कुनै प्रमाण नभएको | |
| 58. | रसुवा | केन्द्रिय प्रहरी ब्युरो | चित्रमान डंगोल | पुरुष | खोटा चलन (७) | नखुलेको | प्रतिवादीले खोटा चलन गरेको | २०६९।२।८ | मुद्दा चलाउनु पर्ने अवस्थाको प्रमाणको अभाव | |
| 59. | काठमाण्डौ | केन्द्रिय राहदानी कार्यालयको पत्र | दिलमायाँ नेपाली | महिला | जाली राहदानी (८) | २०५९।२।९ | राहदानी दुरुपयोग गरेको भन्ने | २०६८।३।३ | राहदानी ऐन अन्तरगतको कसूर गरेको पुष्टी हुने प्रमाण नभएको | |
| 60. | चितवन | प्र.ना.नि. झुम बहादुर पुन | शारदा श्रेष्ठ चण्डीका पौडेल | महिला पुरुष पुरुष | आतङ्क कारी तथा | २०५९।।४ | गोली प्रहार गरी हत्या गरेको | २०७९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी | |



Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | हरि सुवेदी<br>विकाश अधिकारी | पुरुष | विध्वंसात्मक अपराध (५) | | | | नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार । मृतकको नाम निर्णयमा नखुलाएको | |
| 61. | चितवन | नारायंण बहादुर अधिकारी समेत | टंक रेग्मी<br>सानु के.सि.<br>कञ्चन खनाल<br>लेखनाथ भट्ट<br>रामचन्द्र पौडेल<br>शोभा कट्टेल<br>शुष्मा खनाल<br>गोपी महतो<br>झियन महतो | पुरुष<br>पुरुष<br>महिला<br>पुरुष<br>पुरुष<br>पुरुष<br>महिला<br>म<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (६) | २०६१।२।९ | माओवादीले ना.२ख.६५,०८, ना.ख. ९००२ को ट्रकमा आगजनी गरेको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |
| 62. | चितवन | नन्द प्रसाद अधिकारी समेत | छविलाल पौडेल<br>मेघनाथ पौडेल<br>विष्णु तिवारी<br>शुभद्रा तिवारी<br>सिता अधिकारी<br>काली प्रसाद | पु<br>पु<br>पु<br>म<br>म<br>पु<br>पु<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (७) | २०६।२।२४ | माओवादीहरुले कृष्ण प्रसाद अधिकारीलाई गोली प्रहार गरी हत्या गरेको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अधिकारी<br>हिमलाल अधिकारी<br>रामप्रसाद अधिकारी<br>भिमसेन पौडेल | | | | | | | |
| 63. | चितवन | कृषि विकास बैंक भरतपुर | पुष्पकमल दाहाल<br>सम्झना श्रेष्ठ<br>घनश्याम दाहाल<br>रामबहादुर परियार<br>नारायण कुँवर | पु<br>म<br>पु<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (८) | २०६२।२।७ | हतियारधारी समूहले ३६३० नं. को जीपमा आगजनी गरी क्षति पुर्यागएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |
| 64. | चितवन | मधुसुदन धेरेल | पुष्पकमल दाहाल<br>रामबहादुर थापा<br>दण्डपाणी पौडेल | पु<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (९) | २०६।०।६ | अपहरण गरी गोली हानी हत्या गरेको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | मृतकको नाम नखोलेको |
| 65. | डोल्पा | भक्त बहादुर बोहोरा | गम बहादुर गुरुङ | पु | कर्तव्य ज्यान (२२) | २०६२।४।९ | जाहेरवालाका बाबु मनराम बोहोरा लाई कर्तव्य गरी मारेको | २०६८।५।२ | प्रतिवादीको मृत्यु भएकोले अ.बं. ७६ नं. बमोजिम मुद्दा नचल्ने | |
| 66. | मोरङ | रत्न बहादुर | सुभद्रा | पु | कर्तव्य | २०६८।२।८ | प्रतिवादीको घरमा | २०६८।६। | मृतकले आफै जीउमा मट्टीलेल | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तामाङ | प्याकुरेल शुभव बर्मा | पु | ज्यान (२३) | | कामगर्न बसेकी रोजिन तामाङलाई कर्तव्य गरी मारेको | २३ | खन्याई आत्महत्या गरेको देखिएकोले प्र.उपर कसूर स्थापित हुने सवुत प्रमाणको अभाव रहेकको | |
| 67. | चितवन | सञ्जय श्रेष्ठ | रामबहादुर थापा<br>वावुराम भट्टराई<br>कृष्णबहादुर महरा<br>सिंहबहादुर गोले<br>सुष्मा खनाल<br>मानबहादुर तामाङ<br>इश्वर सापकोटा<br>घनश्याम दाहाल<br>सुदर्शन पौडेल<br>पुष्पकमल दाहाल | पु<br>पु<br>पु<br>पु<br>म<br>पु<br>पु<br>पु<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसात्मक अपराध (१०) | नखुलेको | माओवादीले फालेको बमको छर्राले घाइते भएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |
| 68. | चितवन | प्र.नि.जसध्वज गुरुङ | लेखनाथ भट्ट<br>नखबहादुर गुरुङ<br>प्रेम कु.श्रेष्ठ | पु<br>पु<br>पु<br>पु | आतङ्ककारी तथा विध्वंसा | २०५९।९।५ | माओवादीले प्रहरी चौकीमा आक्रमण गरी क्षति पुर्याणएको | २०६९।३।७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल प्र<br>पौडेल<br>शिवदत्त<br>पौडेल<br>चन्द्र ब.<br>गुरुङ<br>शारदा श्रेष्ठ<br>लावण्यराज<br>पन्त<br>कंचन<br>खनाल<br>शोभा कट्टेल<br>इश्वरी<br>खनाल<br>दण्डपाणी<br>पौडेल<br>भुमिश्वर<br>कडेल<br>तारा कुमाल<br>भिम प्र.<br>सापकोटा<br>पोषराज<br>पौडेल<br>वासु शर्मा<br>लामिछाने<br>सिता बराल<br>कमला<br>अधाकरी | पु<br>पु<br>म<br>पु<br>म<br>म<br>पु<br>पु<br>पु<br>म<br>पु<br>पु<br>पु<br>म<br>म<br>म<br>पु<br>पु<br>पु<br>पु | त्मक<br>अपराध<br>(११) | | | | भए अनुसार | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उर्मिला<br>अधिकारी<br>धनश्याम<br>भट्टराई<br>द्रोणवावु<br>सिवाकोटी<br>विश्व बराल<br>चित्र ब.<br>श्रेष्ठ | | | | | | | |
| 69. | चितवन | प्रकाश विष्ट | पुष्पकमल<br>दाहाल<br>बाबुराम<br>भट्टराई<br>दण्डपाणी<br>पौडेल<br>मोहन वैद्य<br>सी.पी.<br>गजुरेल<br>किरण<br>पौडेल<br>कृष्ण<br>बहादुर<br>महरा<br>रामबहादुर<br>थापा | पु<br>पु<br>पु<br>पु<br>पु<br>पु<br>पु<br>पु | आतङ्क<br>कारी<br>तथा<br>विध्वंसा<br>त्मक<br>अपराध<br>(१२) | २०६।४।३ | सिपाही कृष्ण बहादुर विष्टलाई माओवादीहरुले गोलीहानी हत्या गरेको | २०६९।३।<br>७ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार | |
| 70. | चितवन | उद्धव श्रेष्ठ | दण्डपाणी | पु | आतङ्क | २०६२।२।६ | माओवादीहरुले गोलीहानी | २०६९।३। | आतङ्ककारी तथा विध्वंसात्मक | मृतकको नाम |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 358. | धनुषा | जय प्रकाश महतो समेत ७ जना | ओम प्रकाश पाण्डे समेत | पुरुष | ठगी(४३) | नखुलेको | जहेरवाला ७ जनाबाट ४,७७,७०,०००। रकम लिंइ प्रतिवादीहरुले संचालन गरेको जानकी मेडिकल कलेज बन्द गराउँदा पठनपाठन रोकी ठगी गरेको । | २०७३।०४।०९ | प्रतिवादीहरूलाई आर्थिक संकटपछि७८ प्रतिशत शेयर हस्तान्तरण गरी धनबहादुर शेरचन अध्यक्ष रहने गरी नयाँ सञ्चालक समितिको गठन भई पठनपाठन सुचारु रुपले सञ्चालन भैरहेको र जाहेरवालाहरुले समेत हाल पठनपाठन सुचारु रुपमा अगाडिबढेको भनी कागज गरेबाटसम्बन्धन प्रदान गर्ने निकायबाटसमेत नियमन भएकाले अन्यथा भएमा कानून बमोजिम हुने नै हुँदा हाल ठगीमा मुद्दा नचलाउने | |
| 359. | हेटौडा | प्रहरी प्रतिवेदन | शेख मजिद मुसलमान | पुरुष | कर्तव्य ज्यान( | नखुलेको | दाउराको चिरपटले हानी मृत्यु भएको | ०७३।७५ | कर्तव्यवालाको नै ०५ ४।५।२२ मा मृत्यु भएको । | |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | १२८) | | | | | |
| 360. | बारा | प्रहरी प्रतिवेदन | विल्टु महरा चमार स. | पुरुष | कर्तव्य ज्यान( १२९) | ०५३।५।२५ | खेतमा १ महिनाको लाश फेला परेको | ०७३।७५ | प्रतिवादीहरुको मृत्यु भई सकेको भन्ने मृत्यु दर्ता बाट देिएको । | |
| 361. | बारा | प्रहरी प्रतिवेदन | रिखचन्द्र प्रसाद कुशवाह स. | पुरुष | आगो लगाए को(७) | नखुलेको | पाटी कार्यालयमा तोडफोड गरी मोटरसाइकलमा आगो लगाएको | ०७३।७५ | आन्दोलनमा प्रदर्शनकारी मध्ये को कसले आगो लगाएको, कसको संलग्नता थियो भन्ने एकिन नभएको | |
| 362. | गोरखा | खिल ब. भुजेल | हरी ब. लामिछाने स | पुरुष | कर्तव्य ज्यान( १३०) | ०५३।८।४ | खोला किनारमा पुरुषको लाश फेला परेको | ०७३।७५ | प्रतिवादहरुले नै कर्तव्य गरी मारेको भन्ने पर्याप्त आधार नदेखिएको | |
| 363. | बारा | प्रहरी प्रतिवेदन | शिवचन्द्र प्र.कुशवाह | पुरुष | आगोल ागी(८) | ०७२।९।१५ | नेपाली काग्रेशको कार्यालय र शालिकमा तोडफोड तथा आगो लगाई क्षती पुऱ्याएको | ०७३।७५ | आन्दोलनमा प्रदर्शनकारी मध्ये को कसले आगो लगाएको, कसको संलग्नता थियो भन्ने एकिन नभएका | |
| 364. | इलाम | इलाम च | उमेश प्र.शाह | पुरुष | ज.क.उ . (२०) | ०७३।२।५ | स्वस्थ्य चौकीमा प्रतिवादीले निजको कोठामा बोलाई ज.क. गर्न खोज्दा प्रतिकार गर्दा हल्ला सुनी अर्को कर्मचारी आएकोले छोडेको | ०७३।७५ | पिडितले जि.अ.मा फिराद दिई मिलापत्र समेत भएको, अदालतबाट अन्तिम भई सकेको वारदातमा मुद्दा चलाउन मनासिव नहुने । | |
| 365. | मोरङ | युवराज रिजाल | सोभाङ सिह प्रितम लिम्वु सानुवावु | पुरुष पुरुष पुरुष पुरुष पुरुष | के.सा. अ. (१०) | २०६७।१० ।२६ | लिम्वुवान राज्य परिषदका राजनैतिक दलका तर्फवाट प्रतिवादिहरुले यातायात अवरुद्द गरि | नखुलेको | प्रतिवादीहरुले शान्तिपुर्वक वन्द आव्हान गर्दे राजनैतिक अधिकार उपयोग गरेको अवस्थामा मुद्दा चलाउन नपर्ने । | निर्णय मिति नखुलेको |

Office of the Attorney General, Nepal

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुव्वा, भविन्द्र वाल्वो, अशोक चेम्जोङ, डिक वहादुर सावा, वहादुर घिसिङ | पुरुष पुरुष | | | सार्वजनिक आवागमनमा वाधा पुर्याएको । | | | |
| 366. | खोटाङ | राजेन्द्र विश्वकर्मा | त्रिलोक राई, मान वहादुर भुजेल, माधव भुजेल, रोहित भुजेल | पुरुष पुरुष पुरुष पुरुष | आगजनी (९) | २०६७।१०।२ | मणी कुमार विश्वकर्माको घरमा आगो लगाएको । | नखुलेको | प्रतिवादीहरुको नाम उल्लेख गरी जाहेरी दिएको जाहेरवाला प्रत्यक्षदर्शी नभएको, प्रतिवादिहरुले कसुरमा ईन्कारी वयान गरेकोले प्रतिवादीहरु उपर मुद्दा चलाउनु पर्ने देखिएन । | |
| 367. | रौतहट | रामाशंकर दास स. | शेख अनवर स. | पुरुष | ज्या.मा.उ (१३१). | नखुलेको | मोटरसाइकल चडी आएका पिडितहरुलाई घाइते बनाई मो.स. जलाएको | नखुलेको | तराई मधेश आन्दोलनको क्रममा यसैले आगो लगाएको भन्ने एकिन पुष्टि नभएको, प्रमाणको अभाव रहेको | |

Office of the Attorney General, Nepal

## भाग तीन
## विषयवस्तुको विश्लेषण

महान्यायाधिवक्ताको कार्यालयवाट मुद्दा नचल्ने गरी निर्णय भएका विभिन्न आर्थिक बर्षका निर्णयहरुलाई निर्णयमा उल्लेख भए सम्मका विवरणहरु अध्ययन गरी उपलब्ध भएसम्म माथी भाग दुई मा घटना भएको जिल्ला, अपराधको सूचना दिने व्यक्ति, अपराध गर्ने भनी किटान गरिएका व्यक्तिको नाम थर, लिङ्ग, घटना भएको मिति, घटनाको संक्षिप्त विवरण, मुद्दा नचल्ने गरी भएको महान्यायाधिवक्ताको कार्यालयको निर्णय, निर्णय आधार सहित निर्णयको संक्षिप्त विवरणलाई तालिकामा उल्लेख गरिएको छ । अब, यस भागमा सोही तालिकीकरण गरिएको तथ्यको आधारमा मुद्दा नचल्ने गरी गरिएको निर्णयलाई विभिन्न कोणवाट देहाय बमोजिम विश्लेषण गर्ने प्रयास गरिएको छ;

### **३.१ मुद्दा नचल्ने निर्णयको सालवसाली हिसावले विषयगत तालिकीकरण र विश्लेमषणः**

| सि.नं . | घटनाको विषय | आ.व.२०६६/०६७ | आ.व.२०६७/०६८ | आ.व.२०६८/०६९ | आ.व.२०६९/०७० | आ.व.२०७२/०७३ | आ.व.२०७३/०७४ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | जीउ, ज्यान सम्बन्धी | ३ | १६ | ३१ | ३३ | २६ | २२ | १३१ |
| २ | वन तथा वन्यजन्तु सम्बन्धी | १ | - | ५ | १ | ७ | २ | १६ |
| ३ | ठगी सम्बन्धी | ४ | - | ३ | ७ | ११ | १८ | ४३ |
| ४ | सवारी सम्बन्धी | १ | २ | ९ | ९ | ३ | १ | २५ |
| ५ | केहि सार्वजनिक अपराध | १ | ३ | १ | १ | २ | २ | १० |
| ६ | विविध | १<br>११ | ३ | ६ | - | ६ | २ | १८ |
| ७ | चोरी सम्बन्धी | - | २ | ४ | १ | ३ | १ | ११ |
| ८ | विवाह सम्बन्धी | - | ३ | ३ | १ | २ | २ | ११ |
| ९ | सरकारी छाप दस्तखत किर्ते | - | २ | - | ५ | १ | - | ८ |

Office of the Attorney General, Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | करणी सम्बन्धी | - | २ | ६ | ३ | ३ | ६ | २० |
| ११ | लागू औषध | - | १ | २ | - | २ | १ | ६ |
| १२ | आगोलगाउने | - | १<br>**३५** | १ | - | - | ७ | ९ |
| १३ | हातहतियार तथा विस्फोटक पदार्थ | - | - | १ | - | १ | - | २ |
| १४ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध | - | - | ३३ | - | - | - | ३३ |
| १५ | अपहरण तथा शरीर बन्धक | - | - | ४ | ३ | - | २ | ९ |
| १६ | मानव बेचबिखन तथा ओसार पसार | - | - | १ | २ | ३ | १ | ७ |
| १७ | गोबध | - | - | २<br>**११२** | १ | - | २ | ५ |
| १८ | राज्य विरुद्धको अपराध | - | - | - | २<br>**६९** | १<br>**७१** | -<br>**७८** | ३ |
| | जम्मा | | | | | | | **३६७** |

**प्रष्टीकरणः**

**जीउ, ज्यान** सम्बन्धी विषय अन्तरगत कर्तव्य ज्यान, ज्यानमार्ने उद्योग, भवितब्य ज्यान, गर्भपतन, कुटपिट अंगभंग समेत समावेश गरिएको छ ।

**वन तथा वन्यजन्तु**सम्बन्धी विषय अन्तरगत अवैध वन पैदावार, आखेटोपहार, चोरी शिकार तथा अन्य वनजन्य कसूर समेत समावेश गरिएको छ ।

**ठगी** सम्बन्धी विषय अन्तरगत मुलुकी ऐन ठगीको महल, वैदेशिक रोजगार ठगी तथा बैकिङ्ग कसूर सम्बन्धी अपराध समावेश गरिएको छ ।

**चोरी** सम्बन्धी विषय अन्तरगत डाँका लगायत अन्य चोरी समावेश गरिएको छ ।

Office of the Attorney General, Nepal

**विविध** शिर्षकमा प्रतिलिपी अधिकार, छापाखाना तथा प्रकाशन, चन्दा ऐन अन्तरगत, गुणस्तर तथा नापतौल, नागरिकता, राहदानी, कालो बजार, शिक्षा ऐन, खोटा चलन,प्राचिन स्मारकसंरक्षण, विदेशी विनिमय,जस्ता ३ थान सम्म भएका अपराधलाई समेटिएको छ ।

**विवाह** सन्बन्धीमा वहुविवाह, बाल विवाह, जबरजस्ती बिवाह आदि समावेश छन् ।


**सवारी** सम्बन्धीमा सवारी ज्यान तथा सवारी अंगभंग समावेश छन् ।

**करणी** सम्बन्धीमा जवरजस्ती करणी, जवर्जस्ती करणी उद्योग, अप्राकृतिक मैथुन ।


२०७२ सालमा गएको विनाशकारी भुकम्पको प्रकोपले गरेको नोक्सानी, पुरानो कार्यालय भवन सार्दा कागजपत्रहरु छुटे हराएको कारण विभिन्न ६ आर्थिक बर्षको मात्र मुद्दा नचल्ने गरी भएका निर्णयका प्रतिहरु फेलापार्न सकेको र आ.ब. २०६६/०६७ को ११ थान र आ.ब. २०६७/०६८ को ३५ थान मात्र निर्णयको प्रति फेला परेको हुँदा उक्त आ.ब.का सवै मुद्दा नचल्ने निर्णयका प्रतिहरु हुन भन्न सकिने अवस्था छैन ।

सिमित समय र अन्य कार्यमा ब्यस्त जनशक्तिवाट कार्यालयका सवै कागजपत्र एक एक हेरी सवै मुद्दा नचल्ने निर्णयका प्रतिहरु खोजी गर्न संभव भएन । यद्यपी कार्यदललाई २०६३ साल देखि २०७४ साल असार मसान्तसम्मको मुद्दा नचल्ने गरी भएका निर्णयहरुको अध्ययन गर्ने जिम्मेवारी दिइएको थियो । आ.ब. २०६८/०६९ को ११२ थान, आ.ब. २०६९/०७० को ६९ थान, आ.ब. २०७२/०७३ को ७१ थान र आ.ब. २०७३/०७४ को ७८ थान मुद्दा नचल्ने गरी भएका निर्णयहरुको प्रति गरी यी ६ आ.ब. का जम्मा ३६७ थान मुद्दा नचल्ने निर्णयहरुको अभिलेखिकरण र तालिकीकरण गरिएको छ । यीनै निर्णयहरुलाई सवै निर्णय मानि विश्लेषण गरिएको छ । जसवाट हालको निर्णयको अवस्था र भविश्यमा गर्नु पर्ने सुधारको वारेमा सुझाव दिन सकिने प्रसस्त आधार प्राप्त हुन्छ । आ.ब. २०६६/०६७ र आ.ब. २०६७/०६८ को मुद्दा नचल्ने निर्णयको संख्या अश्वाभाविक देखिएकोले बाँकी ४ आ.ब.को निर्णय संख्याको आधारमा तुलनात्मक अध्ययन गर्दा यस्तो स्थिति देखियोः

Office of the Attorney General, Nepal




मुद्दा नचलाउने गरी भएका वारदातको विषय हेर्दा सवै भन्दा वढि जीउ-ज्यानसंग सम्बन्धित अपराधमा मुद्दा नचलाउने गरि निर्णय भएको देखियो । कूल अध्ययन गरिएका ३६७ मुद्दा नचल्ने निर्णयहरुमा विषयगत अनुपात यस्तो देखियो ।


विषयगत मुद्दाको विवरण
१३१
४३
३३
२५
२०
१८
११
११
१०
जीउ ज्यान सम्बन्धी
ठगी सम्बन्धी
आ.तथा वि. अपराध
सवारी सम्बन्धी अपराध
करणी सम्बन्धी अपराध
वन तथा वन्यजन्तु
चोरी सम्बन्धी
विवाह सम्बन्धी
सार्वजनिक अपराध

### ३.२ मुद्दा नचलाउन लिइएका निर्णय आधारको विश्लेषण:

| हदम्याद नाघेको | प्रमाणको अभाव | क्षेत्राधिकारको अभाव | नेपाल सरकारको निर्णय बमोजिम | वारदात स्थापित नभएको | कसूरदार खुल्न नसकेको | अन्य आधार |
|---|---|---|---|---|---|---|
| ३४ | १६५ | ५२ | ३३ | ४६ | २५ | १२ |
| हदम्याद नाघेको ५ थान र प्रमाणको अभाव ७ थान | | | | | जम्मा | १२ |
| प्रमाणको अभाव ४ थान र क्षेत्राधिकारको अभाव ५ थान | | | | | जम्मा | ९ |
| अध्ययन गरिएका कूल निर्णय संख्या ३६७ थान | | | | | | |
| एक भन्दा बढी निर्णय आधार लिई निर्णय भएका मुद्दा संख्या २१ थान | | | | | | |
| निर्णय आधारलाई वर्गिकरण गर्दा देखिएका संख्या ३८८ थान | | | | | | |

**क. हदम्याद नाघेको आधारमा मुद्दा नचल्ने निर्णय**

मुद्दाको कुनै पनि पक्ष अड्डा अदालतमा प्रवेश गर्दा कानूनले तोकेको निश्चित अवधि भित्र दावी लिई प्रवेश गर्नु पर्ने अन्यथा मुद्दा दायर हुन नसक्ने तथ्य हामी सबैलाई ज्ञात नै छ । महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णय गर्दा कानूनत : हदम्यादको आधारमा मुद्दा नचल्ने निर्णय गर्नुपर्ने बाध्यता हुन्छ । विभिन्न कारणले मुद्दाको हदम्याद नाघ्ने गरेको हुन सक्छ । अध्ययन अनुसन्धान गरिएका मध्ये **४३ थान मुद्दामा** हदम्याद नाघेको आधारमा महान्यायाधिवक्ताको कार्यालयमा निर्णयका लागि पेश भएको वा अदालतमा दायर गर्ने कुनै आधार नभएको अनुसन्धानबाट देखियो । सक्कल मिसिल झिकाई अध्ययन अनुसन्धान गर्न संभव नभएकोले प्रत्येक मुद्दामा यसै कारणले हदम्याद गुज्रेको भनी यकिन साथ भन्न सकिएन। यद्यपी धेरै मुद्दामा उजुरकर्ताले नै म्याद गुजारी उजुरी दिएको , केहीमा अनुसन्धान अधिकारी र केहीमा सरकारी वकिलले ध्यान नदिदा म्याद गुज्रन गएको तथ्य केही निर्णयहरुबाट खुलेको देखियो ।

**ख. प्रमाण अभावकोआधारमा मुद्दा नचल्ने निर्णय**

सरकारवादी भई अदालतमा दायर हुने एवं सरकारी वकिलले मुद्दा चल्ने नचल्ने निर्णय लिने मुद्दाहरुमा प्रमाणको मूल्याङ्कन गरी निर्णय लिनु सरकारी वकिलको कानूनी र आचारणजन्य दुवै कर्तब्य हुन आउँछ । अभियुक्त र पीडितको न्यायलाई सन्तुलित रुपमा निर्णय लिनु सरकारी वकिलको कानूनी दायित्व हुन्छ । पीडितको हकमा मुद्दा चल्नु जत्तिको महत्वपूर्ण हुन्छ त्यत्तिकै महत्व निर्दोष उपर मुद्दा नचल्ने निर्णय लिनु न्यायोचित मानिन्छ । अध्ययन गरिएका निर्णयहरु मध्ये महान्यायाधिवक्ताको कार्यालयबाट प्रमाणको अभावमा मुद्दा नचल्ने निर्णय भएका कूल मुद्दा संख्या **१८४ थान** देखिन्छन् । ति १८४ थान मध्ये ४ थान मुद्दाको निर्णयमा क्षेत्राधिकारको अभाव समेतको आधार लिईएको देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णय लिईएका मुद्दाहरुमा यस प्रकृतिका

Office of the Attorney General, Nepal

मुद्दाको संख्या अधिक देखिएको छ । अपराध घटित हुनु तर अभियुक्त नखुल्नु वा अन्य कानूनी एवं प्राविधिक कारणले मुद्दा चल्न नसक्ने अवस्था हुनु राज्यको लागि ठूलो चुनौति हो ।

### ग. क्षेत्राधिकारको अभावमा मुद्दा नचल्ने निर्णय

अध्ययन गरिएका मुद्दाहरु मध्ये क्षेत्राधिकारको अभावमा मुद्दा नचल्ने गरी **५९ थान** मुद्दा महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय भएको देखियो । उजुरकर्ताले बलपूर्वक तथ्यलाई तोडमडोर गरी सरकारवादी मुद्दाको तथ्य उल्लेख गरी उजुरी दर्ता गर्ने गरेको देखिन्छ । देवानी वा दुनियाँवादी तवरले मुद्दाको कारवाही चलाउँदा हुने झन्झटबाट फुर्सद लिन मुद्दाको अनुसन्धान गर्ने निकायलाई प्रभाव पारी उजुरी दर्ता भएपनि पछि अनुसन्धानबाट संकलित तथ्य र प्रमाणबाट व्यक्तिवादी वा दुनियाँवादी भई दायर हुने देखिन आएको निर्णयबाट देखिन्छ । कतिपय मुद्दा अनुसन्धान गर्ने निकाय अलग भएको र मुद्दा चल्ने नचल्ने निर्णय सरकारी वकिलको कार्यक्षेत्र भित्र पर्ने नदेखिएको आधारमा मुद्दा नचल्ने निर्णय भएको पाइयो । यस प्रकृतिका मुद्दाको निर्णय गर्दा प्रमाणको अभावका ५ थान मुद्दामा दुवै आधार लिईएको पाइयो । अनुसन्धान गर्ने र अभियोजन गर्ने अधिकारीले समयमै उजुरकर्तालाई सही सूचना दिई यस प्रकारका अनुसन्धानबाट समयमै अलग रहनु आवश्यक देखिएको छ ।

### घ. नेपाल सरकारको निर्णयका आधारमामुद्दा नचल्ने निर्णय

महान्यायाधिवक्ताको कार्यालयबाट आतङ्ककारी तथा विध्वंसात्मक अपराध ऐन तथा अध्यादेश अन्तरगतका मुद्दाहरु नचलाउने गरी **३३ वटा** मुद्दामा निर्णय भएको देखियो । मुद्दा नचलाउने निर्णय गर्दा "नेपाल सरकार मन्त्रिपरिषदवाट निर्णय भए अनुसार" भनी आधार लिइएको देखिन्छ । निर्णयमा कानून न्याय तथा संसदीय मन्त्रालयको पत्रको आधार खुलाईएको देखियो तर निर्णयमा नेपाल सरकारको कुन मितिको निर्णय हो भनी अध्ययन अनुसन्धान गर्दा निर्णयमा मिति खुलेको देखिएन । नेपालको अन्तरिम संविधान, २०६३ र तत्कालीन सरकार र विद्रोही पक्ष बीच वृहद् शान्ति सम्झौताका आधारमा त्यस बखतका घट्नालाई वैकल्पिक न्यायका मान्यताका आधारमा समाधान खोज्न नेपाल सरकारले निर्णय गरे बमोजिम नै महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णय भएको देखियो ।

### ङ. वारदात स्थापित नभएकोआधारमामुद्दा नचल्ने निर्णय

हाम्रो फौजदारी न्याय प्रशासनमा उजुरकर्ताको महत्वपूर्ण भुमिका हुन्छ । उजुरकर्ता मुद्दाको महत्वपूर्ण प्रमाण एवं सरकारी गवाह मानिन्छ । तर केही उजुरकर्ताले सत्य तथ्य र प्रमाणका आधार नदिई व्यक्ति विशेषलाई दुख हैरानी दिन शत्रुता साधन वा कसैको लहडका आधारमा उजुरी गर्ने प्रवृत्तिले राज्यका निकाय र कर्मचारीहरुलाई अनावश्यक दुख दिएको तथ्य मुद्दा नचल्ने निर्णय अध्ययन बाट देखिन्छ । अध्ययन गरिएका मुद्दाहरु मध्ये यस प्रकारका उजुरीको संख्या

Office of the Attorney General, Nepal

उल्लेख्य देखिन्छ । ३६७ थान मुद्दा मध्ये **६५ थान** मुद्दाको वारदात नै स्थापित हुन नसक्नु अनुसन्धान पक्षको कमजोरी सीमित संख्या भएपनि अधिकांश उजुरी नै गलत हुन् भन्न सकिने आधार मुद्दा नचल्ने निर्णयाधारबाट खुल्न आएको छ । राज्यका लागि यो ठूलो चुनौति मान्न सकिन्छ । अवका दिनमा झुट्टा उजुरी दर्ता गर्ने उजुरकर्तालाई कडाईका साथ मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ का व्यवस्थालाई कार्यान्वयन गर्न सक्नु र यस प्रकारका प्रवृत्तिलाई निरुत्साहित गर्नु आवश्यक देखिन्छ।


**च. कसूरदार खुल्न नसकेको आधारमामुद्दा नचल्ने निर्णय**

घट्ना घटेको स्थापित हुनु वा पीडित प्रत्यक्षीकरण हुनु तर अभियुक्त एवं कसूरदार अनुसन्धानले उजागर गर्न नसक्नु एवं कानूनी दायरामा ल्याउन नसक्नु हाम्रो फौजदारी न्याय प्रशासनको चुनौती हो । घट्नाबाट मानिसको ज्यान मार्ने , ज्यानमा क्षति पुर्याकउने, सरकारी वा व्यक्तिगत हक स्वामित्वका सम्पत्तिमा असर पुर्याीउने प्रतिष्ठामा आँच पुर्याकउने र समाजमा अशान्ति तथा अमनचैन सिर्जना गरी समाजलाईनै डर त्रास, भयमा पार्ने र क्षति पुर्याअई ठूलो चुनौती दिने कसूरदारको यकिन नाम,थर, वतन, कसूरमा सम्लग्नता र कसूरको कार्य प्रकृति खुल्न नसक्दा कानून बमोजिमको हदम्यादका आधारमा मुद्दा नै नचल्ने गरी निर्णय गर्नु पर्ने बाध्यता देखियो । महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने गरी भएका निर्णयहरु मध्ये अध्ययन गरिएका ३६७ थान मुद्दामा **२५ थान** मुद्दा यस प्रकृतिका देखिन्छन् । हेर्दा संख्यात्मक रुपमा ठूलो संख्या नदेखिएता पनि उल्लिखित २५ मुद्दामा पीडितका लागि राज्यले न्यायको सुनिश्चितता गर्न नसकेको देखिन्छ ।

**छ. अन्यआधारमामुद्दा नचल्ने निर्णय**

महान्यायाधिवक्ताको कार्यालय मातहत सरकारी वकिल कार्यालयहरुबाट मुद्दा नचल्ने गरी गरेका निर्णयको अन्तिम निकासा लिन महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका मुद्दाहरुमा माथि उल्लिखित ६ आधार बाहेक अन्य आधारमा समेत मुद्दा नचल्ने निर्णयाधार लिईएको देखिन्छ । अध्ययन गरिएका ३६७ थान निर्णय मध्ये **१२ थान** मुद्दामा अधिक संख्या कसूरदारको मृत्यु भएका कारण मुद्दा नचल्ने निर्णय भएको पाइन्छ । मुलुकी ऐन अ .वं. ७६ नं. का आधारमा, १० वर्ष भन्दा कम उमेरका नाबालक कसूरदार भएको आधारमा र कसूरदारको होस ठेगान नभएका आधारमा मुद्दा नचल्ने निर्णय भएको देखियो । उक्त आधार कानूनी आधार भएकोले अन्यथा विवेचना गर्नु पर्ने अवस्था देखिदैन । तर पीडितले क्षतिपूर्ती पाउने विषयमा अनुसन्धान अधिकारी र अभियोजन अधिकारीले हेर्नुपर्ने पक्ष एवं संरक्षकले नावालक र होस ठेगाना नभएका व्यक्तिलाई उचित संरक्षणमा राख्नु पर्ने सवालमा राज्यले कानूनी व्यवस्थाको माध्यमबाट व्यवस्थापन गर्नु पर्ने देखिन्छ । माथीको विश्लेषणलाई देहायको चित्रवाट थप प्रष्ट पारिएको छः

Office of the Attorney General, Nepal





Office of the

**३.३ मुद्दा नचल्ने गरी निर्णय भएका मुद्दा मध्ये विषयगत हिसावले धेरै निर्णय भएका ७ वटा घटनामा प्रतिवादीको लैङ्गिक अवस्थाको विश्लेदषणः**

| प्रतिवादीको लिंग | जीउ ज्यान सम्बन्धी | ठगी सम्बन्धी | आतङ्ककारी तथा विध्वंसात्मक अपराध | सवारी सम्बन्धी | करणी सम्बन्धी | वन तथा वन्यजन्तु | चोरी सम्बन्धी | विवाह सम्बन्धी | सार्वजनिक अपराध |
|---|---|---|---|---|---|---|---|---|---|
| | (१३१) | (४३) | (३३) | (२५) | (२०) | (१८) | (११) | (११) | (१०) |
| पुरुष | १८२ | ४६ | २१९ | २६ | २३ | २३ | २७ | ११ | १७ |
| महिला | २१ | ३ | ३६ | ० | ० | ० | २ | ११ | २ |
| अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २०३ | ४९ | २५५ | २६ | २३ | २३ | २९ | २२ | १९ |

महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णय गर्दा अभियुक्तहरु सबैको नाम निर्णय किताबमा उल्लेख गरेको देखिएन । यसर्थ उल्लिखित मुद्दाहरुमा यति नै अभियुक्त उपर मुद्दा नचल्ने निर्णय भएको भनी यकिन संख्या खुलाउन संभव रहेन । केही निर्णयहरुमा अभियुक्तहरु सबैको नाम खुलाईएकोले मुद्दा संख्या भन्दा अभियुक्तहरुको संख्या केही बढी देखिएको छ । कुनै एक अभियुक्त वा मुख्य अभियुक्तको नाम उल्लेख गरी अन्यलाई समेतका भन्ने शब्दले संवोधन गरेको पाइयो । मुद्दा नचल्ने निर्णय भएका ३६७ निर्णयहरु अध्ययन गर्दा माथि उल्लिखित अधिक संख्याका ७ प्रकारका घट्नाका विषयमा परेकाउजुरीलाई तालिकामा उल्लेख गरिएको छ । अध्ययनबाट पुरुषको तुलनामा महिला अभियुक्त उपरको उजुरीमा जुन कुनै घट्नामा अति न्यून संख्या देखिन्छ भने यौनजन्य कसूर र वनपैदापार , बन्यजन्तु तथा अखेटोपहार सम्वन्धी कसूरमा महिला विरुद्ध उजुरी नै देखिदैन । ति न्यून संख्यामा रहेका घट्नाहरु जस्तो प्रतिबन्धित कुरा प्रकाशन गरेको , कालोबजारी, आगो लगाएको, सरकारी कागजात कीर्ते, लागू औषध, प्रतलिपी अधिकार उल्लंघन, नागरिकता सम्वन्धी, गोवध, नापतौल, प्राचिन स्मारक, विदेशी विनिमय, राजकाज, हातहतियार खरखजना, अवैध चोरी निकासी, मानव बेचविखन, कुटपिटअंगभंग, शिक्षा ऐनको कसूर, अपहरण तथा शरीर बन्धक, जाली राहदानी, खोटाचलन, धर्म परिवर्तन, उपभोक्ता संरक्षण ऐन विपरितका उजुरी लगायतका कम संख्याका मुद्दाहरु नचल्ने निर्णय भएको देखिएता पनि उल्लेखनीय संख्यामा नभएकोले तालिकामा देखाइएको छैन । साथै पुरुष र महिला बाहेक मुद्दा नचल्ने निर्णयमा तेस्रो लिङ्गी वा अन्य लिङ्गी अभियुक्त रहेको देखिएन । उपरोक्त विश्लेषणलाई चित्रमा यसरी उल्लेख गरिएको छः

Office of the Attorney General, Nepal


संख्यात्मक हिसावले धेरै निर्णय भएका ७ वटा घटनामा लैगिक स्थिति
१८२
२१
४६
३
२१९
३६
२६
२३
२३
२७
२
११
११
१७
२
जीउ,ज्यान
ठगी
आतङ्ककारी
सवारी
करणी
वन तथा वनजन्य
चोरी
विवाह
के.सा.अ.
Column7
Column6

**३.४ प्रदेशगत रुपमा मुद्दा नचल्ने गरी भएका निर्णयहरुको विश्लेिषणः**

तालिका नं

| नं. | मुद्दा | प्रदेश नं. १ | प्रदेश नं. २ | प्रदेश नं. ३ | प्रदेश नं. ४ | प्रदेश नं. ५ | प्रदेश नं. ६ | प्रदेश नं. ७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | जीउ, ज्यान सम्बन्धी | २४ | १९ | ३६ | ५ | ९ | ५ | ४ |
| २ | वन तथा वन्यजन्तु सम्बन्धी | ४ | २ | ४ | १ | २ | | २ |
| ३ | ठगी सम्बन्धी | - | ४ | ३१ | २ | १ | १ | |
| ४ | सवारी सम्बन्धी | २ | १ | १४ | १ | २ | - | १ |
| ५ | केहि सार्वजनिक अपराध | १ | १ | ३ | १ | - | - | - |
| ६ | चोरी सम्बन्धी | - | २ | ५ | - | २ | - | - |
| ७ | विवाह सम्बन्धी | १ | - | १ | - | १ | २ | १ |
| ८ | सरकारी छाप दस्तखत किर्ते | - | - | ६ | - | - | - | |
| ९ | करणी सम्बन्धी | ३ | २ | ८ | ३ | २ | - | १ |
| १० | लागू औषध | २ | २ | १ | - | - | - | - |
| ११ | आगोलगाउने | १ | ६ | १ | - | १ | - | - |
| १२ | हातहतियार तथा विस्फोटक पदार्थ | १ | - | - | १ | - | - | - |
| १३ | आतङ्ककारी तथा विध्वंसात्मक अपराध | - | | ३२ | - | - | - | - |
| १४ | अपहरण तथा शरीर बन्धक | २ | ४ | | - | - | १ | - |
| १५ | मानव बेचबिखन तथा ओसार पसार | - | - | ६ | - | १ | - | - |
| १६ | गोबध | १ | - | २ | - | १ | - | - |

Office of the Attorney General, Nepal

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | राज्य विरुद्धको अपराध | २ | १ | - | - | - | - | - |
| १८ | विविध | ३ | - | ११ | १ | १ | १ | - |
| १९ | कुटपिट अंगभंग | - | ४ | ४ | | - | १ | - |
| | जम्मा | ४७ | ४८ | १६५ | १५ | २३ | ११ | ९ |

दस्टव्यः तालिकामा जम्मा ३१८ वटा मुद्दाहरुको विवरण उल्लेख गरिएको छ ।अध्यायन गरिएका आ.व. ३६७ मुद्दामा मुद्दा नचल्ने निर्णय भएपनि जिल्ला प्रस्ट नभएकोले जम्मा ४९ मुद्दाहरुलाई तालिकामा समावेश गरिएको छेन ।


अध्ययन गरिएका आ.व.हरुको प्रदेशगत रुपमा मुद्दा नचल्ने गरी भएका निर्णयहरुको संख्या विश्ले षण गर्दा प्रदेश नं.१ मा जम्मा ४७ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको पाईन्छ ।तलिकामा देखाईए अनुसार यस प्रदेशमा मुद्दा नचल्ने गरी निर्णय गरिएका जम्मा १३ प्रकारका मुद्दाहरु मध्ये क्रमसः सवैभन्दा वढी जीउ,ज्यान सम्वन्धी मुद्दाहरु जम्मा २४ थान, वन तथा वन्यजन्तु सम्वन्धी मुद्दाहरु जम्मा ४ थान, करणी र विविध मुद्दाहरु जम्मा ३।३ थान, सवारी, अपहरण तथा शरिर वन्धक, लागु औषध र राज्य विरुद्दको अपराध सम्वन्धी मुद्दाहरु जम्मा २।२ थान, केहि सार्वजनिक अपराध, विवाह, आगो लगाउने, र हातहतियार तथा विष्फोटक पदार्थ सम्वन्धी मुद्दाहरु जम्मा १।१ थानमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ । प्रदेश नं. २ मा जम्मा ४८ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको पाईन्छ ।तलिकामा देखाईए अनुसार यस प्रदेशमा जम्मा १२ प्रकारका मुद्दाहरु मध्ये जीउ,ज्यान सम्वन्धी मुद्दाहरु जम्मा १९ थान, आगो लगाउने सम्वन्धि मुद्दाहरु जम्मा ६ थान, ठगी, अपहरण तथा शरीर बन्धक र कुटपिट अंगभंग सम्वन्धी मुद्दाहरु जम्मा ४।४ थान, वन तथा वन्यजन्तु, चोरी, करणी र लागु औषध सम्वन्धी मुद्दाहरु २।२थान, सवारी, केहि सार्वजनिक अपराध, राज्य विरुद्धको अपराध सम्वन्धी मुद्दाहरु जम्मा १।१ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको तालिकावाट देखिन्छ ।

यसैगरी प्रदेश नं. ३ मा सोहि आर्थिक वर्षहरुमा सवैभन्दा वढी १६ प्रकारका जम्मा १६५ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ ।तलिकामा देखाईए अनुसार यस प्रदेशमा जीउ,ज्यान सम्वन्धी जम्मा ३६ थान, आतङ्ककारी तथा विध्वंसात्मक अपराध सम्वन्धी ३२ थान, ठगी ३१ थान, सवारी १४ थान, विविध ११ थान, करणी सम्वन्धी ८ थान, मानव बेचबिखन तथा ओसार पसार र सरकारी छाप दस्तखत किर्ते ६।६ थान, चोरी ५ थान, कुटपिट अंगभंग र वन तथा वन्यजन्तु सम्बन्धी ४।४ थान, केहि सार्वजनिक अपराध ३ थान, गोवध २ थान, विवाह, लागू औषध र आगो लगाउने १।१ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ । प्रदेश नं. ४ मा जम्मा ८ प्रकारका जम्मा १५ थान मुद्दाहरुमा मुद्दा नचल्ने निर्णय भएको देखिन्छ ।तलिकामा देखाईए अनुसार यस

Office of the Attorney General, Nepal

प्रदेशमा सवैभन्दा वढी जीउ,ज्यान सम्वन्धी मुद्दाहरु ५ थान, करणी सम्वन्धी मुद्दाहरु ३ थान, ठगी सम्वन्धी मुद्दाहरु २ थान, वन तथा वन्यजन्तु, सवारी, केहि सार्वजनिक अपराध, हातहतियार तथा विस्फोटक पदार्थ र विविध मुद्दाहरु गरी जम्मा १।१ थानमा मुद्दा नचल्ने गरी निर्णय भएको पाईन्छ ।

प्रदेश नं. ५ मा जम्मा २३ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ ।तलिकामा देखाईए अनुसार यस प्रदेशमा मुद्दा नचल्ने गरी निर्णय भएका मुद्दाहरु मध्ये सवैभन्दा वढी जीउ,ज्यान सम्वन्धी मुद्दाहरु जम्मा ९ थान, वन तथा वन्यजन्तु सम्वन्धी मुद्दाहरु, सवारी, चोरी र करणी सम्वन्धी मुद्दाहरु २।२ थान, ठगी, विवाह, आगो लगाउने, मानव बेचबिखन तथा ओसार पसार, विविध र गोबध जम्मा १।१ थान गरी जम्मा ११ प्रकारका मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ । प्रदेश नं. ६ मा सोहि जम्मा ११ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ ।तलिकामा देखाईए अनुसार यस प्रदेशमा सवैभन्दा वढी जीउ,ज्यान सम्वन्धी जम्मा ५ थान, त्यसपछि क्रमसः विवाह सम्वन्धी २ थान, ठगी, अपहरण तथा शरीर वन्धक, विविध र कुटपिट अंगँभग सम्वन्धी १।१ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको पाईन्छ र प्रदेश नं. ७ मा सोहि आर्थिक वर्षहरुमा जम्मा ९ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ ।तालिकामा अनुसार यस प्रदेशमा सवैभन्दा वढी जीउ,ज्यान सम्वन्धी जम्मा ४ थान त्यसपछि क्रमसः वन र वन्यजन्तु सम्वन्धी २ थान, सबारी, विवाह र करणी सम्वन्धी १।१ थान मुद्दाहरुमा मुद्दा नचल्ने गरी निर्णय भएको देखिन्छ । यसरी विष्लेशण गर्दा अध्यायन गरिएका आर्थिक वर्षहरुमा कुल ७ वटा प्रदेशहरुमा जम्मा ३६७ थान मुद्दाहरुमा मुद्दा नचल्ने निर्णय भएको उल्लिखित तालिकावाट देखिन्छ । मुद्दा नचल्ने गरी निर्णय भएका मुद्दाहरुको प्रकृति हेर्दा सातवटै प्रदेशमा सवैभन्दा वढी जीउ ज्यान सम्वन्धी मुद्दामा मुद्दा नचलाउने गरी निर्णय भएको पाईन्छ भने अरू मुद्दामा यस्तो एकरुपता देखिदैन् । मुद्दा नचल्ने निर्णयको भौगोलिक वितरणको अवस्थालाई शब्द चित्रवाट समेत प्रष्ट पारिएको छः



**३.५ मुद्दा नचल्ने गरी निर्णयको सन्दर्भमा गरिएका टिप्पणी वा निर्देशनको विश्लेषणः**

तालिका नं.

| सि.नं . | मुद्दा | आ.व. २०६६/०६७ | आ.व. २०६७/०६८ | आ.व. २०६८/०६९ | आ.व. २०६९/०७० | आ.व. २०७२/०७३ | आ.व. २०७३/०७४ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ज्यान सम्बन्धी | | | | | | | स.स.लाई लेखे |
| २ | ज्यान मार्ने उद्योग | | | १ | १ | | | प्रहरीलाई लेखे |
| ३ | वन तथा वन्यजन्तु सम्बन्धी | | | | १ | | | स.स.लाई लेखे |
| ४ | बैङ्किङ कसुर र ठगी सम्बन्धी | | १ | | १ | | | ,, |
| ५ | सवारी सम्बन्धी | | | १ | | | | प्र.र सरकारी वकिललाईलेखे |
| ६ | केहि सार्वजनिक अपराध | | | | | १ | | अ.लाई सचेत |
| ७ | चोरी सम्बन्धी | - | | | | | | स.स.लाई लेखे |
| ८ | करणी सम्बन्धी | - | | १ | | | | ,, |
| ९ | कालो वजारी | | १ | | | | | अ.लाई लेखे |
| १० | जम्मा | | २ | ३ | ३ | १ | | |

द्रस्टव्यः आ.व.नखुलेको तर मिति २०६८ जनाई दुई थान ज्यान सम्वन्धी र एक थान चोरी मुद्दाहरुको मुद्दा नचल्ने निर्णय गर्दा अनुसन्धान अधिकृत उपर टिप्पणी वा निर्देशन भएको देखिन्छ ।

Office of the Attorney General, Nepal

अध्यायन गरिएका आ.व.हरुमा मुद्दा नचल्ने निर्णय गर्दा विभिन्न मुद्दाहरुमा निर्णयकर्तावाट टिप्पणी गरिने र अनुसन्धान अधिकृत तथा अभियोजनकर्तालाई निर्देशन दिने सम्मका कार्यहरु भएको पाईन्छ ।आ.व. २०६७।२०६८ मा दुईवटा मुद्दाहरुमा, आ.व.२०६८।२०६९ मा तीन वटा मुद्दाहरुमा, आ.व. २०६९।२०७० मा तीनहरुवटा मुद्दामा र आ.व. २०७२।२०७३ मा एक मुद्दामा पटक पटक गरी जम्मा १२ वटा मुद्दामा यस्ता टिप्पणी वा निर्देशन भएको देखिन्छ । यसरी टिप्पणी गर्दा तथा निर्देशन दिदाँ जम्मा ५ वटा विषयहरुलाई केन्द्रिय समन्वय समितिमा छलफल गर्ने, तीनवटा विषयहरुलाई प्रहरीलाई लेख्ने, एउटा विषयमा सरकारी वकिललाई लेख्ने र एउटा विषयमा सरकारी वकिल र प्रहरीलाई दुवैलाई लेख्ने गरी निर्णय भएको देखिन्छ ।

जाहरेवाला चन्डिका पोखेरेल प्रतिवादी तेजकरण जैन भएको तालिकामा देखाईएको आ.व. २०६७।२०६८ को कालोवजारी मुद्दा मुद्दा दायर गर्ने हदम्याद समाप्त भैसकेपछि मात्र निर्णयको लागी पेश भएको देखिन्छ । यहि कारण प्रस्तुत मुद्दामा मुद्दा नचल्ने गरी निर्णय गर्नुपर्ने देखियो । हदम्याद नाघी अनुसन्धान भएको प्रस्तुत मुद्दामा मुद्दा नचल्ने निर्णय गर्दा महान्यायाधिवक्तावाट सो विषयमा अनुसन्धानकर्तालाई कारवाहि गर्न लेखी पठाउने भनी टिप्पणी गरेको देखिन्छ ।यसैगरी जाहेरवाला ईन्द्र प्रसाद पोखरेल र प्रतिवादी नविन अधिकारी समेत भएको कर्तव्य ज्यान मुद्दा (आ.व. नखुलेको) मा पनि मृतकको मृत्यु कर्तव्यवाट नभई आत्महत्यावाट भएको देखिएकोले अपराधको अनुसन्धानमा उदासिनता देखिदाँ यस विषयलाई केन्द्रिय समन्वय समितिमा पेश गर्ने भनी निर्णयकर्तावाट टिप्पणी भएको देखिन्छ । यसैगरी प्रतिवादीले आरोपित कसुर गरेको प्रमाणवाट पुष्टि पनि नभएको र जाहेरी दरखास्तमा उठाईएका सवै विषयमा अनुसन्धान पनि भएको नदेखिदाँ प्रस्तुत विषयलाई पनि केन्द्रिय समन्वय समतिमा पेश गर्ने भनी जाहेरवाला वावुराम घिमिरे प्रतिवादी सविना घिमिरे समेत भएको कर्तव्य ज्यान मुद्दा (आ.व. नखुलेको) र प्रतिवादीले कसुर गरेको प्रमाण नभएकोले अनुसन्धानमा त्रुटी देखियो यसर्थ यस सम्वन्धमा केन्द्रिय समन्वय समतिमा पेश गर्ने भनी जाहेरवाला शक्तिराज ठकुरी प्रतिवादी राजकुमार ठकुरी भएको सवारी ज्यान मुद्दामा पनि टिप्पणी भएको पाईन्छ । शम्भुराज रेग्मी जाहेरवाला प्रतिवादी ललित कुमार पुन भएको आ.व. २०६८।२०६९ को सवारी अंगभंग मुद्दामा प्रतिवादीलाई फरार देखाएको र मुद्दाको हदम्याद समाप्त भएपछि अनुसन्धान र अभियोजन भएको देखिदाँ प्रतिवादीलाई फरार देखाएको र हदम्याद नघाएको विषयमा प्रहरी र सरकारी वकीललाई ध्यानाकर्षण गराउने भनी टिप्पणी भएको पाईन्छ ।

प्रतिवादी राजन श्रेष्ट भएको आ.व. २०६८।२०६९ को जवरजस्ती करणी मुद्दामा विरोधाभाष प्रमाण संकलन गरेको विषया, जाहेरवाला दशरथ मन्डल प्रतिवादी सचिदानन्द राजपुत भएको आ.व. २०६८।२०६९ को ज्यान मार्ने उद्दोग मुद्दामा सरकारी वकीलले थप अनुसन्धानको लागी मिसिल फिर्ता पठाएकोमा अनुसन्धान नै नगरी मिसिल पठाएको विषय र जाहेरवाला खगेन्द्र खडका प्रतिवादी कल्पना खड्का समेत भएको आ.व. २०६७।२०६८ को वैङ्किङ कसुर ठगी मुद्दामा सरकारी वकिलले दिएको अनुसन्धानकर्तालाई दिएको निर्देशनलाई पालन नगरेको विषयलाई केन्द्रिय समन्वय समतिमा पेश गर्ने गरी टिप्पणी भएको देखिन्छ

Office of the Attorney General, Nepal

।जाहेरवाला तेजेन्द्र खड्का विरुद्ध प्रतिवादी भवन भट्ट भएको आ.व. २०६९।२०७० को वैङ्किङ कसुर ठगी मुद्दामा पनि जाहेरवालाले रकम बुझी सनाखत गरी जाहेरी खारेज गरी पाऊ भनी कागज सहित पठाएकोलेसरकारी वकिल कार्यालयबाट प्रहरीमा मिसिल फिर्ता पठाएकोमा पुन प्रहरीले सजायको दावी सहित मिसिल पठाएकोले त्यस्तो किन गर्नु परेको हो ? तथ्य प्रतिकूल हुने गरी कागज सम्लग्न गरेको विषय र जिल्ला प्रहरी कार्यालय झापाको प्रतिवेदनले वादी नेपाल सरकार प्रतिवादी टिकाराम आङदम्वे भएको आ.व. २०६९।२०७० को सालकको खपटा ओसार पसार गरेको मुद्दामा दशी बरामद नभएको र प्रमाणवाट कसुर पुष्टि नभएको अवस्थमा प्रहरी कर्मचारीले अनुशासन र मर्यादा विपरित काम गरेको विषयलाई समन्वय समितिको बैठकमा पेश गर्ने भनी गरी टिप्पणी भएको देखिन्छ र जाहेरवाला महेन्द्र वहादुर वस्नेत प्रतिवादी प्रकाश सार्की समेत भएको आ.व. २०६६।२०६७ को ज्यान मार्ने उद्योग मुद्दामा पिडिको घाउजाच केस फारम पनि नभएको, प्रतिवादीलाई वयान गराएपछि सरकारी वकीलको सहमति नलिई छाडेको र अनुसन्धान नगरी मिसिल राखेकोले लापरवाहि पुर्णतवरले अनुसन्धान गरेको विषयमा कारवाहि गर्ने प्रहरी प्रधान कार्यालयमा पठाउने भनी टिप्पणी भएको देखिन्छ भने जाहेरवाला कुलानन्द झा प्रतिवादी श्यामादेवि झा समेत भएको आ.व. २०७२।२०७३ को केहि सार्वजनिक मुद्दामा कानून बमोजिमको हदम्याद गुज्रेकाले हदम्याद भित्रै रायसहितको प्रतिवेदन नपठाउने अनुसन्धान अधिकृतलाई सचेत गराउने भनी टिप्पणी भएको देखिन्छ ।

Office of the Attorney General, Nepal

## भागचार
## निचोड तथा सुझाव

### ४.१ अध्ययनको निचोड

महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने गरी भएका निर्णयहरुको अध्ययन अनुसन्धान गरी कार्यालयलाई पृष्ठ पोषण दिनु कार्यदललाई सुम्पिएको मुख्य जिम्मेवारी हो । कार्यदललाई आ .व. २०६३।०६४ देखि २०७४ असाढ मसान्त सम्मका निर्णयहरुको अध्ययन गर्न कार्यादेश भए बमोजिमका निर्णयहरुको खोजी गर्दा २०६६।०६७ देखि पछिका वर्षहरुको निर्णयहरु मात्र प्राप्त गर्न सकियो । यस अवधिमा महान्यायाधिवक्ताको कार्यालयबाट ३६७ थान मुद्दा नचल्ने गरी निर्णय भएको पाइयो । मुद्दा नचल्ने निर्णय भएका मुद्दाको प्रकृति हेर्दा अधिक संख्यामा जीउज्यान सम्वन्धी (कर्तब्य ज्यान, ज्यान मार्ने उद्योग , कुटपिट अंगभंग , भवितब्य ज्यान आदि ) १३१ वटा घटित घट्ना उपरका उजुरीहरु भएको देखियो । यसै गरी सम्पत्ति सम्वन्धी कसूर (ठगी ४३, चोरी ११), आतंककारी तथा विध्वंसात्मक अपराध घट्ना ३३ , सवारी सम्वन्धी २५, यौनजन्य अपराध (ज.क., ज .क. उद्योग , हाडनाता समेत ) घट्ना २० , बन्यजन्तु एवं वनपैदावार सम्वन्धी घट्नाहरु १६ , केही सार्वजनिक अपराध घट्ना १० , आगो लगाउने घट्ना ९, अपहरण तथा शरीरबन्धक ९, विवाह सम्वन्धी घट्ना ८, सरकारी छाप दस्तखत कीर्ते ८, मानव बेचबिखन तथा ओसारपसार घट्ना ७ , लागू औषध समेतका घट्ना ६ , विविध प्रकारका कसूरजन्य घट्ना १८ देखिन्छन् । जसलाई तालिका एवं शब्द चित्रमा माथि विश्लेषण गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने निर्णय गर्दा आर्थिक वर्षका आधारमा आ .व. २०६६।०६७ मा ११ थान, आ.व. २०६७।०६८ मा ३५ थान, आ.व. २०६८।०६९ मा ११२ थान, आ.व. २०६९।०७० मा ६९ थान, आ.व. २०७२।०७३ मा ७१ थान र आ.व. २०७३।०७४ आ.व. ७८ थान गरी ३६७ थान मुद्दाको अध्ययन गरियो । यस अवधिका मुद्दा नचल्ने निर्णय अध्ययन गर्दा जिल्लागत आधारमा सब भन्दा बढी काठमाण्डौ, त्यस पछि चितवन , मोरङ , झापा , सप्तरी , पर्सा , ललितपुर लगायतका जिल्लाहरुको लगत बढी देखिन्छ । कम संख्या हेर्दा डोल्पा लगायतका जिल्लाको एक सम्म रहेको देखियो भने मनाङ , मुस्ताङको यस अवधिमा मुद्दा नचल्ने निर्णय भएको पाइएन । निर्णयलाई पटक पटक अध्ययन गर्दा पनि सक्कल मिसिल नभएका कारण ५१ थान मुद्दा कुन जिल्लाको हो भनी यकिन गर्न सकिएन ।

मुद्दा नचल्ने निर्णयहरुको बहु आयमिक दृष्टिकोणबाट विश्लेषण गर्ने क्रममा लैङ्गिक हिसाबले कसूरमा सम्लग्न भएको संख्या हेर्दा जीउ ज्यान सम्वन्धी घट्नामा पुरुष १८२ र महिला २१, ठगी सम्वन्धी घट्नामा पुरुष ४६ र महिला ३ , आतंककारी तथा विध्वंसात्मक

Office of the Attorney General, Nepal

अपराध घट्नामा पुरुष २१९ र महिला ३६ , सवारी सम्वन्धी घट्नामा पुरुष मात्र २६, यौनजन्य घट्नामा पुरुष मात्र २३ , वन तथा वन्यजन्तु घट्नामा पुरुष मात्र २३ , चोरी सम्वन्धी घट्नामा पुरुष २७ महिला २, विवाह सम्वन्धी घट्नामा पुरुष र महिलाको संख्या वरावर रहेको र सार्वजनिक अपराधको घट्नामा पुरुष२७ र महिला २ संलग्न रहेको निर्णयबाट देखिन्छ । यद्यपी निर्णयमा अभियुक्तहरुको नाम नामेसी सहितको यकिन संख्या उल्लेख नभएकोले यतिनै अभियुक्त विरुद्ध उजुरी परेको थियो भनी यकिन गर्न सकिने अवस्था छैन ।

कार्यदलले निर्णयहरुको बहु आयामिक तवरले अध्ययन अनुसन्धान गर्दा मुद्दा नचल्ने निर्णय आधारहरुको पनि तथ्यगत विश्लेषण गरिएको छ । मुद्दा नचल्ने निर्णय आधारहरुलाई विभिन्न सात मापदण्ड तयार गरी अध्ययन विश्लेषण गर्दा हदम्याद नाघेको , प्रमाण अभाव रहेको, क्षेत्राधिकारको अभाव रहेको, नेपाल सरकारको निर्णयलाई आधार लिएको , वारदात स्थापित नभएको, कसूरदार खुल्न नसकेको, र अन्य आधारमा मुद्दा नचल्ने निर्णय भएको भन्ने मापदण्ड निर्क्योल गरी अध्ययन अनुसन्धान गरिएको छ । यसै मादण्डका आधारमा हेर्दा ३६७ थान मुद्दा मध्ये प्रमाण अभाव रहेको आधारमा १६५ थान , वारदात स्थापित नभएको आधारमा ५२ थान , क्षेत्राधिकारको अभाव रहेको आधारमा ४६ थान , हदम्याद नाघेको आधारमा ३४ थान , नेपाल सरकारको निर्णयका आधारमा ३३ थान , अभियुक्त खुल्न नसकेको आधारमा २५ थान र अन्य विविध आधारमा १२ थान मुद्दामा महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय भएको अनुसन्धानबाट देखियो । सक्कल मिसिल झिकाई अध्ययन अनुसन्धान गर्न संभव नभएकोले प्रत्येक मुद्दाका सबै तथ्य र विषयहरु यकिन साथ भन्न सकिएन । प्रमाण संकलन हुन सकेन वा घट्ना नै अतिरञ्जित थियो , हदम्याद को कसका कारण गुज्रन गएको हो , वारदात घटित नै नभएको वा संरक्षण र प्रत्यक्षीकरण गर्न नसकिएको हो , नेपाल सरकारको निर्णय आधार के के थिए , सरकारी वकिलले अभियोजन गर्न नमिल्ने घट्नाका उजुरी किन दर्ता भए , अभियुक्तको यकिन नाम थर वतन खुल्न नसक्नुमा अनुसन्धान वा उजुरकर्ता को कसको के कुन कुरामा कमजोरी छ भन्ने विषयमा ठोस सुझावका लागि सक्कल मिसिल साथै राखी अध्ययन गर्दा अध्ययन अनुसन्धान प्रभावकारी हुने देखियो ।

अन्तमा; यस अध्ययनले महान्यायाधिवक्ताको कार्यालयलाई आगामी दिनमा सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनका लागि सुधारका कदम अगाडि बढाउन अवश्य धेरै थोरै केही न केही सहयोग पुर्यायउँछ भन्ने कुरामा कार्यदलले विश्वास लिएको छ ।

Office of the Attorney General, Nepal

## ४.२ सुझावहरू

१ महान्यायाधिवक्ताको कार्यालयबाट निर्णय हुँदा निर्णयमा खुल्नै पर्ने कुराहरु नखुलाई निर्णय हुने गरेको देखियो ;(जस्तो: जिल्लाको नाम , अभियुक्तहरुको नाम थर उमेर , वतन, लिङ्ग, कसूर प्रकृति समेतका न्यूनत तथ्य तथ्याङ्क ) यसर्थ महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचल्ने निर्णयहरुको अभिलेखलाई व्यवस्थित गर्न निश्चित ढाँचाको फाराम तयार पारी निर्णय लेखन गर्नु उपयुक्त हुने देखियो ।

२ महान्यायाधिवक्ताको कार्यालयमा मुद्दा चल्ने नचल्ने निर्णय निकासाका लागि पेश हुने मिसिलहरुमा कतिपय निर्णयहरुमा कानूनत : सरकारी वकिलले अभियोजन गर्न उपयुक्त नभई अन्य निकायबाट कानून बमोजिम कारवाही गर्न लेखि पठाउने गरी निर्णय भएको तर निर्णय बमोजिम अन्य सरोकारवाला निकायले यस कार्यालयको निर्णय बमोजिम काम कारवाही गरे नगरेको विषयमा कुनै जानकारी यस कार्यालयको अभिलेखमा जनिएको देखिएन । आफ्ना निर्णयको अनुगमन संयन्त्र बनाउनु उपयुक्त हुने देखिन्छ ।

३ महान्यायाधिवक्ताको कार्यालयबाट हदम्याद नभएको , प्रमाणको अभाव रहेको , वारदात स्थापित नभएको भन्ने समेतका आधारमा मुद्दा नचल्ने गरी भएका निर्णयहरु मध्ये धेरै मुद्दामा उजुरकर्ताले नै म्याद गुजारी उजुरी दिएको , प्रमाण संकलनमा अनुसन्धान अधिकारीको कमजोरी रहेको र केहीमा सरकारी वकिलले ध्यान नदिएको तथ्य केही निर्णयहरुबाट खुलेको देखियो । यस प्रकारका कमी कमजोरीलाई निवारण गर्न अनुसन्धान अधिकारी र सरकारी वकिललाई सजग बनाउने तर्फ कदम उठाउन उपयुक्त देखिन्छ ।

४ अपराध घटित हुनु तर अभियुक्त नखुल्नु वा अन्य कानूनी एवं प्राविधिक कारणले मुद्दा चल्न नसक्ने अवस्था हुनु राज्यको लागि ठूलो चुनौति हो । यसर्थ मुद्दाको अनुसन्धानलाई विशिष्टीकरण गर्ने तर्फ राज्यको नीति निर्माण तहमै सोचिनु उपयुक्त देखिन्छ ।

५ सरकारवादी भई मुद्दा दायर हुन नसक्ने घट्नाको अनुसन्धान गर्ने र अभियोजन गर्ने अधिकारीले समयमै उजुरकर्तालाई सही सूचना दिई यस प्रकारका अनुसन्धानबाट समयमै अलग रहनु आवश्यक देखिएको छ । कसैको दवाव वा प्रभावमा उजुरी दर्ता भई व्यक्तिवादी हुने वा दुनियाँवादी हुने वा देवानी प्रकृतिका मुद्दामा अनुसन्धान र अभियोजन गर्ने निकायका अधिकारीहरुको साधन स्रोतको अनावश्यक खर्च र समय वर्वादीलाई समयमै सुधार गर्न आवश्यक छ । अवका दिनमा झुट्टा उजुरी दर्ता गर्ने उजुरकर्तालाई कडाईका साथ मुलुकी फौजदारी कार्यविधि संहिता ऐन , २०७४ का व्यवस्थालाई कार्यान्वयन गर्न सक्नु र यस प्रकारका प्रवृत्तिलाई निरुत्साहित गर्नु आवश्यक देखिन्छ ।

Office of the Attorney General, Nepal

## भाग पाँच
## उपसंहार

महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा नचल्ने गरी भएका आ .व. २०६३।०६४ देखि २०७४ असाढ मसान्त सम्मका निर्णयहरुको अध्ययन अनुसन्धान गरी कार्यालयलाई पृष्ठ पोषण दिनकार्यदललाई जिम्मेवारी सुम्पिएको थियो । कार्यदललाई तोकिएको जिम्मेवारी पूरा गर्न महान्ययाधिवक्ताको कार्यालयमा रहेका निर्णय अभिलेख खोज्दा भुकम्पका कारण अभिलेख व्यवस्थापन हुन नसकेको कारण सबै आ .व.का निर्णय फेला पार्न संभव भएन । खोजी गर्दा २०६६।०६७ देखि पछिका वर्षहरुको निर्णयहरु मात्र प्राप्त गर्न सकियो । यस अवधिमा महान्यायाधिवक्ताको कार्यालयबाट ३६७ थान मुद्दा नचल्ने गरी निर्णय भएको पाइयो ।

मुद्दा नचल्ने निर्णय भएका मुद्दाको प्रकृति हेर्दा अधिक संख्यामा जीउज्यान सम्वन्धी १३१ थान,ठगी सम्वन्धी ४३ थान , आतंककारी तथा विध्वंसात्मक अपराध ३३ थान , सवारी सम्वन्धी २५ थान, यौनजन्य अपराध २० थान , बन्यजन्तु एवं वनपैदावार सम्वन्धी १६ थान,चोरी सम्वन्धी ११ थान ,केही सार्वजनिक अपराध १० थान , आगो लगाउने ९ थान , अपहरण तथा शरीरबन्धक ९ थान, विवाह सम्वन्धी ८ थान,सरकारी छाप दस्तखत कीर्ते ८ थान, मानव बेचबिखन तथा ओसारपसार ७ थान, लागू औषध समेतका ६ थान, विवध प्रकारका मुद्दा १८ थान देखिन्छन् ।

आर्थिक वर्षका आधारमा हेर्दा आ.व. २०६६।०६७ मा ११ थान, आ.व. २०६७।०६८ मा ३५ थान, आ.व. २०६८।०६९ मा ११२ थान, आ.व. २०६९।०७० मा ६९ थान, आ.व. २०७२।०७३ मा ७१ थान र आ .व. २०७३।०७४ आ .व.मा ७८ थान गरी ३६७ थान मुद्दाको अध्ययन गरियो । अध्ययन गरिएका ३६७ थान मुद्दा मध्ये जिल्लागत आधारमा सब भन्दा बढी काठमाण्डौर सवभन्दा कम संख्या डोल्पा लगायतका जिल्लाको एक सम्म रहेको देखियो भने मनाङ , मुस्ताङको यस अवधिमा मुद्दा नचल्ने निर्णय भएको पाइएन । यसै गरी अध्ययन गरिएका ५१ थान मुद्दा कुन जिल्लाको हो भन्ने निर्णयबाट यकिन गर्न सकिएन ।

लैङ्गिक संलग्नताको हिसावले जीउ ज्यान सम्वन्धी घट्नामा पुरुष १८२ र महिला २१ , ठगी सम्वन्धी घट्नामा पुरुष ४६ र महिला ३ , आतंककारी तथा विध्वंसात्मक अपराध घट्नामा पुरुष २१९ र महिला ३६ , सवारी सम्वन्धी घट्नामा पुरुष मात्र २६ , यौनजन्य घट्नामा पुरुष मात्र २३ , वन तथा वन्यजन्तु घट्नामा पुरुष मात्र २३ , चोरी सम्वन्धी घट्नामा पुरुष २७ महिला २ , विवाह सम्वन्धी घट्नामा पुरुष र महिलाको संख्या वरावर रहेको र सार्वजनिक अपराधको घट्नामा पुरुष२७ र महिला २ संलग्न रहेको उजुरीबाट

Office of the Attorney General, Nepal

देखिन्छ । यद्यपी निर्णयमा अभियुक्तहरुको नाम नामेसी सहितको यकिन संख्या उल्लेख नभएकोले यतिनै अभियुक्त विरुद्ध उजुरी परेको थियो भनी यकिन गर्न सकिएन ।

कार्यदलले निर्णयहरुको बहु आयामिक तवरले अध्ययन अनुसन्धान गरेको छ । मुद्दा नचल्ने निर्णय आधारहरुको विभिन्न सात मापदण्ड तयार गरी अध्ययन विश्लेषण गर्दा हदम्याद नाघेको, प्रमाण अभाव रहेको , क्षेत्राधिकारको अभाव रहेको , नेपाल सरकारको निर्णयलाई आधार लिएको , वारदात स्थापित नभएको , कसूरदार खुल्न नसकेको , र अन्य आधारमा मुद्दा नचल्ने निर्णय भएको भन्ने मापदण्ड निर्क्योल गरी अध्ययन अनुसन्धान गरिएको छ । ३६७ थान मुद्दा मध्ये प्रमाण अभाव रहेको आधारमा १६५ थान , वारदात स्थापित नभएको आधारमा ५२ थान , क्षेत्राधिकारको अभाव रहेको आधारमा ४६ थान , हदम्याद नाघेको आधारमा ३४ थान , नेपाल सरकारको निर्णयका आधारमा ३३ थान , अभियुक्त खुल्न नसकेको आधारमा २५ थान र अन्य विविध आधारमा १२ थान मुद्दानचल्ने निर्णय भएको अनुसन्धानबाट देखियो ।

अभियुक्तको पूरा विवरण र जिल्लाको नाम सहितको विस्तृत विवरण खुलाई वैज्ञानिक निर्णय फारामाको ढाँचा तयार पार्न ,हदम्याद को कसका कारण गुज्रन गएको हो , वारदात घटित नै नभएको हो वा संरक्षण र प्रत्यक्षीकरण गर्न नसकिएको हो , सरकारी वकिलले अभियोजन गर्न नमिल्ने घट्नाका उजुरी किन दर्ता भए , अनुसन्धानबाट अभियुक्त किन खुल्नसकेनन् भन्ने समेतका विभिन्न मुख्य मुख्य विषयमा पाँचवटा ठोस सुझाव प्रतिवेदनमा प्रस्तुत गरिएको छ । अन्तमा; यस अध्ययन प्रतिवेदनले महान्यायाधिवक्ताको कार्यालयलाई आगामी दिनमा सरकारवादी मुद्दाको अनुसन्धान र अभियोजनका लागि सुधारका कदम अगाडि बढाउन अवश्य मद्दत पुर्याउने कार्यदलले विश्वास लिएको छ ।

Office of the Attorney General, Nepal